सत्ता गठबन्धनलाई बामदेवको समर्थन | पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ •अंक २७९ • २०८० साल फाल्गुन २३ गते बुधबार (6 March, Wednesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# प्रदेशहरु अन्योलग्रस्त, मधेश सुरक्षित

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय गठबन्धन फेरिएसँगै प्रदेशहरुमा सरकार अन्योलग्रस्त देखिएको छ। कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले राजीनामा गर्न अस्वीकार गरेपछि उनलाई हटाउन विपक्षीहरुलाई संकट भएको छ।

संवैधानिक प्रावधान अनुसार मुख्यमन्त्री हटाउन अविश्वासको प्रस्ताव प्रदेश सभामा लगाउन सकिदैन् । अन्य उपायले हटाउन सहज छैन् । उनी राजीनामा पनि दिन चाहेका छैनन् । तर सुदुरपश्चिम प्रदेशमा कांग्रेसले माओवादी मन्त्रीहरुलाई मंगलवार बर्खास्त गरेको छ । कांग्रेस नेतृत्वमा रहेको प्रदेश सरकारमा माओवादी सहभागी थिए। माओवादीका २ जना मन्त्री र एकजना राज्यमन्त्रीलाई मुख्यमन्त्रीले फोन गरी बर्खास्त गरिएको सूचना दिएका थिए।

कर्णाली र गण्डकीको सरकार पनि सुरक्षित छैन् । लुम्बिनीमा पनि नयाँ गठबन्धनले साना दलहरुको साथ लिनैपर्ने बाध्यता भएको छ। बागमती प्रदेशमा राप्रपाको सहयोग बिना नयाँ गठबन्धनको सरकार अगाडि बढन कठिन छ। गठबन्धनले राप्रपासित सहकार्य नगर्ने निर्णय गरिसकेकोले बागमती प्रदेशमा सरकार चलाउन सहज देखिदैन्।

हुनत प्रधानमन्त्री प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओलीसितको औपचारिक वार्तामा सरकारमा सहभागी हुन नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल सकारात्मक देखिएकाले प्रदेशहरुमा समेत गठबन्धनलाई राहत हुन सक्छ।

अन्य प्रदेशहरु जस्तै मधेश प्रदेशमा पनि तत्काल खतरा देखिएको छ । तर नेकपा एसको सरकारमा सहभागिताले मधेश प्रदेश सरकार खतरामुक्त हुनेछ।

नेकपा एस संघीय सरकारमा सहभागी हुँदा लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)पनि सरकारमा जाने बलियो संभावना छ। संघीय सरकारमा एस र लोसपाको सहभागिताले जनमतको अडान प्रभावकारी नहुने प्रदेश सभासदहरुले जनाएका छन् ।

जनमत पार्टीले मधेश प्रदेश सरकारमा मुख्यमन्त्री दिए मात्र संघीय सरकारमा जाने अडान लिएको छ। तर नेकपा एस र लोसपा संघीय गठबन्धनमा सहभागी भएपछि मधेश प्रदेश सरकारको मुख्यमन्त्री सरोज कुमार यादव पूर्णतःखतरामुक्त हुनेछ।

कांग्रेस सरकारबाट बाहिरिने छ। कांग्रेसले पाएको मन्त्रालयहरु एमालेले पाउने छन्। मधेश प्रदेश सरकार गठनहुँदा पनि एमाले सरकारमा थियो।

मधेश प्रदेशबाट कांग्रेसले राजीनामा दिइसकेको छैन्। जनमत र लोसपाले कांग्रेसलाई साथ दिए पनि मधेश प्रदेशमा सरकार बन्न सक्दैन्। सरकार गठनका लागि ५४ जना सभासदको समर्थन चाहिन्छ।

जसपाको २०, एमालेको २३, माओवादीको ९, एसको ६ सहितका सभासदहरु मुख्यमन्त्री यादवको साथमा रहने भएका छन् । गत महिना मधेश प्रदेश सरकारबाट जनमत बाहिरिएको थियो।

सरकार ढाल्न बिहारको सुरसण्डमा भएको बैठकमा जनमत, एमाले, माओवादी र लोसपा एकजुट देखिएको थियो।

तर त्यो मिसन असफल भएपछि एमाले, माओवादी र लोसपाले फेरि जसपाको नेतृत्वमा नै सरकारमा सहभागी रहने छन्। एमाले बाहेक माओवादी ,लोसपा र एस सरकारमा रहेका नै छन्।

## कांग्रेसद्वारा सरकारको समर्थन फिर्ता

# नेकपा एसलाई रिझाउन प्रचण्ड-ओली दौडादौडमा

**टुडे समाचारदाता**

काठमाण्डु। सत्ताबाट बेदखल भएपछि नेपाली कांग्रेसले पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ।

कांग्रेस कार्य सम्पादन समितिको मंगलबार सभापति शेरबहादुर देउवाको बुढानिलकण्ठ स्थित निवासमा बसेको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको केन्द्रीय सदस्य अर्जुननर सिंह केसीले बताए।

प्रधानमन्त्री प्रचण्डले सरकारबाट एकतर्फी रुपमा हटाएपछि कांग्रेसले दिएको समर्थन फिर्ता लिने निर्णय गरिएको उनले जनाए । कांग्रेस संघीय संसदमा सबैभन्दा ठूलो दल भए पनि प्रतिनिधि सभाको तेस्रो ठूलो दल माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई प्रधानमन्त्रीमा समर्थन गरेको थियो।

प्रधानमन्त्री प्रचण्डले सोमवार बिहान एमालेसित नयाँ गठबन्धन गरेसँगै कांग्रेसलाई सरकारबाट हटाएको थियो। प्रचण्ड नेतृत्वको नयाँ गठबन्धनमा हाल नेकपा एमाले , राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) र जनता समाजवादी पार्टी(जसपा) नेपाल रहेका छन् । गठबन्धनमा एमाले र रास्वपाको पुनःप्रवेश भए पनि जसपा भने साथसाथै छ।

कांग्रेसले समर्थन फिर्ता लिए पछि प्रधानमन्त्री प्रचण्डलाई प्रतिनिधि सभामा विश्वासको मत लिनुपर्ने कानुनविदहरुले बताएका छन् । हाल प्रचण्डसित प्रतिनिधि सभामा सम्मानजनक बहुमत पुग्ने निश्चित छ।

तर उनी बहुमतका लागि कुनै प्रकारको जोखिम मोल्ने पक्षमा छैनन् । राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)लाई साथ नलिने निर्णय गरिसकेको गठबन्धनका लागि हाल जसपा नै निर्णायक देखिएको छ । जसपालाई सन्तुलन गर्न प्रचण्ड र ओलीले नेकपा एसको साथ खोजिरहेका छन्।

> उनी बहुमतका लागि कुनै प्रकारको जोखिम मोल्ने पक्षमा छैनन् ।राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा)लाई साथ नलिने निर्णय गरिसकेको गठबन्धनका लागि हाल जसपा नै निर्णायक देखिएको छ ।जसपालाई सन्तुलन गर्न प्रचण्ड र ओलीले नेकपा एसको साथ खोजिरहेका छन् ।

एसका अध्यक्ष माधवकुमार नेपालसित भेट्न सोमबार साँझ नारायणकाजी श्रेष्ठलाई लिएर प्रचण्ड उनको निवास पुगेका थिए । कांग्रेस गठबन्धनमा एस सरकारमा पनि थियो । तर एमालेसित गठबन्धन गर्दा नेपाललाई जानकारी समेत दिएको थिएन । गत शुक्रबार चितवनमा आयोजित भ्रमण वर्षको उद्घाटन समारोहमा प्रचण्डसँगै रहेका एसका अध्यक्ष नेपालसित ओलीले हात समेत मिलाएका थिएनन् । हुनत उनले कांग्रेस सभापति देउवासित पनि हात मिलाएनन् । तर प्रचण्ड र एसका नेता झलनाथ खनालसित उत्साहपूर्ण ढंगले हात मिलाएका थिए।

त्यति बेला गठबन्धन फेर्ने निर्णयमा प्रचण्ड र ओली पुगिसकेका थिए। नेपाललाई ध्वस्त बनाउने उद्घोष गर्दै आएका ओलीले लामो समयपछि नेपाल निवास पुगेर सरकारमा सहभागिताका लागि आग्रह गरेका हुन्।

कांग्रेससितको गठबन्धन नभत्किएको भए अर्को वर्ष नेपाल एक वर्षका लागि प्रधानमन्त्री हुने पक्का नै थियो। देउवा, प्रचण्ड र नेपालबीच आलोपालो प्रधानमन्त्री हुने भएको सहमतिमा नेपाललाई बीचको एक वर्ष प्रधानमन्त्री बनाउने थियो।

प्रचण्ड प्रधानमन्त्री बनेको बखत एमालेले समर्थन गर्दा नेपाललाई अलग नै राखिएको थियो । एमाले सत्ताबाट बाहिरिए पछि मात्र नेकपा एस सरकारमा सहभागी भएको थियो। पछिल्लो पटक एसका दुई जना मन्त्रीलाई पदमुक्त गर्न माग गर्दै एमालेले संसदलाई अवरोध गरेको थियो।

सरकारमा गृह मन्त्रालयका लागि एमाले र रास्वपाबीच रस्साकस्सी चलिरहेको बेला प्रचण्डले गठबन्धन बाहिर रहेका नेकपा एससँगै लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) र जनमत पार्टीलाई पनि साथमा लिने प्रयास गरिरहेका छन्।

सरकार विस्तार र मन्त्रालय बाँडफाँट गठबन्धनमा सहभागी हुने दलहरुको निश्चित भएपछि मात्र हुने नेताहरुले बताएका छन् । सरकारमा तीनजना मन्त्री रहे पनि उनीहरु बिना विभागीय छन्।

गठबन्धनको कार्य दलले सत्ता साझेदारी र पावर सेयरिंगको विषयमा छलफल गरिरहे पनि मन्त्रालयको संख्या र विभागबारे छलफल नभएको नेताहरुले बताएका छन्। गठबन्धनका नेताहरुका अनुसार लोसपा र जनमत पार्टीले मधेश प्रदेशमा मुख्यमन्त्रीका लागि दावी गरिरहे पनि राम्रा मन्त्रालय पाएर सरकारमा जान खोजेका छन्।

तर मधेश प्रदेशको नेतृत्व जसपाले नछाड्ने अडान लिएका कारण जनमत र लोसपाले सरकारलाई समर्थन गरे पनि मन्त्री बन्न केही ढिला पनि हुनसक्ने नेताहरुले बताएका छन्।







# स्थानीयमा जङ्गली जनावरको त्रास बढ्यो

वीरगञ्ज । पर्साको पटेर्वासुगौली-२ लक्ष्मीपुर निवासी २३ वर्षीय सरोज अधिकारीलाई गत बिहीबार बाघले आक्रमण गरी घाइते बनायो । बाघको आक्रमणमा परी टाउको, हात र शरीरको विभिन्न भागमा चोट लागेकाअधिकारीकोवीरगञ्जस्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ ।

पटेर्वासुगौली-२ थरकट्टी गाउँका ३२ वर्षीय मनोज महतो उराँवको गत पुस ८ गते साँझ बाघले आक्रमण गरी ज्यान लियो । साँझको समयमा शौच गर्न गएका उराँवको शव क्षत्विक्षत् अवस्थामा बिहान फेला परेको थियो ।

नेपाल प्रहरी र गाउँलेले जङ्गलदेखि करिब ५० मिटर टाढा बाघले मारेको अवस्थामा शरीरको केही भाग मात्र फेला पारेको थियो ।

हिजो साँझ पर्साको जिराभवानी गाउँपालिका-४ मा बाघले पूर्ववडाध्यक्ष सुभाष राउतसहितका स्थानीयवासीको बाख्रालाई आक्रमण गरेको छ । सोही गाउँपालिका-५ हरैया पहाडीटोलस्थित राउतले पालेका चौपायालाई खोरभित्रै पसेर बाघ आक्रमण गरी मारेको बताउनुभयो ।

बाघले दुईवटा बाख्रालाई खोरमै मारेको र एउटा खसीलाई घिसारेर केही पर लगेको प्रहरी चौकी शङ्करसरैयाले जनाएको छ ।यही फागुन १६ गते पर्सागढी नगरपालिका-७ निवासी ललन यादवको गोठमा राखेको सात वटा बाख्रा मारेको बाघले सोही राति पर्सागढी-१ कोलाभार निवासी मायादेवी मोक्तानको गोठमा रहेका चार बाख्रा खाएको थियो ।

गत कात्तिक ८ गते जङ्गली हात्तीले आक्रमण गर्दा पर्सागढी नगरपालिका-१ निवासी एकवाल हजराको मृत्यु भएको थियो । सोही राति ती हात्तीले सो गाउँका एक दर्जन स्थानीयवासीको घर भत्काएर अन्नबाली खाएको थियो ।

विगत दुई महिनाको अवधिमा पटेर्वासुगौली, पर्सागढी र जिराभवानी गाउँपालिकामा बाघ र हात्तीको आक्रमणबाट दुई दर्जन भन्दाबढी व्यक्ति घाइते भएका र तीन दर्जन भन्दाबढी पशुचौपाया मारेको इलाका प्रहरी कार्यालय पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केसरीले जानकारी दिनुभयो ।

योसँगै जिल्लाका विभिन्न गाउँबस्तीमा बाघ, हात्तीलगायत जङ्गली जनावरको आक्रमणबाट बर्सेनी सर्वसाधारणले ज्यान गुमाउँदै आएका उहाँको भनाइ छ ।

जङ्गली जनावरको आक्रमणमा परी कतिपयको घटनास्थलमै मृत्यु हुने गरेको छ भने कतिपयको उपचार भए पनि घाउमा सङ्क्रमण भएर केही समयपछि मृत्यु हुने पाइएको प्रहरी निरीक्षक केसरीले बताउनुभयो ।पर्सा राष्ट्रिय निकुञ्जका साथै राष्ट्रिय वन तथा जङ्गलबाट आउने बाघ, हात्ती लगायतका जङ्गली जनावर मानवबस्ती पसेर मानवीय तथा पशुचौपायालाई क्षति पुऱ्याउनुका साथै गहुँ, तरकारीबाली नाली नष्ट गर्न थालेपछि स्थानीय राति जाग्राम बस्न बाध्य भएका छन् । जिराभवानी, ठोरी, पटेर्वासुगौली, पर्सागढी र सखुवा प्रसौनी गाउँपालिकाका एकदर्जन गाउँका किसान जङ्गली जनावरबाट पीडित भएका छन् ।

वन जङ्गलबाट आउने चित्तल, हात्ती, हरिण, निलगाई, बँदेल, बाँदर, भालु, मयूरलगायत जनावरले गहुँ, मकै, आलु, तोर िसहति पशुचौपायामाथि आक्रमण गर्न थालेपछि अन्नबाली र घरपालुवा पशुचौपाया जोगाउन जाग्राम बस्न बाध्य भएको ठोरी गाउँपालिकाका रञ्जित श्रेष्ठले बताउनुभयो ।

राष्ट्रिय वनमा घेरवार नहुँदा दैनिकजसो आउने जङ्गली जनावरले बालीनली नष्ट पार्ने गरेको उहाँको भनाइ छ ।खासगरी रातिको समयमा आउने जङ्गली जनावरले गहुँबालीमा क्षति पुऱ्याउने गरेकाले क्षति न्यूनीकरणका लागि सो ठाउँमा मचान बनाएर निगरानी गरिरहेको जीराभवानी गाउँपालिकाका किसान शङ्कर महतोले बताउनुभयो ।

रातिको समयमा आउने हात्तीलाई धपाउन किसानले पटका पड्काउने र अन्य जङ्गली जनावरलाई भगाउन टिन ठटाउने, हो-हल्ला गर्ने गरेको उहाँको भनाइ छ ।स्थापनाकालदेखि नै पर्सा राष्ट्रिय निकुञ्ज र राष्ट्रिय वनका जीवजन्तुले बर्सेनी उत्पात मच्चाँदै जनधनको क्षति पुऱ्याउँदै आएकले यसको नियन्त्रणमा ठोस् पहल गर्न सरकारसँग स्थानीयवासीले आग्रह गरेका छन् ।

जङ्गली जीवजन्तुको आक्रमणबाट आफूहरुको जीवन नै सङ्कटमा परेको पटेर्वा सुगौलीका स्थानीय सुमन अधिकारीले बताउनुभयो । “कतिबेला जङ्गलबाट बाघ, भालु र हात्ती आउँछन् र आक्रमण गर्छन् भन्ने त्रासमा हामी बाँचिरहेका छौँ”, उहाँले भन्नुभयो, “जङ्गली जनावरका कारण नत स्वतन्त्र रुपमा हिँडडुल गर्न सकिन्छ, नत निर्धक्कपूर्वक घरमा सुत्न पाइरहेका छौँ ।”

पटक-पटक जङ्गली जनावरको नियन्त्रणको लागि स्थानीयवासीबाट माग उठ्दै आए पनि सरकारीस्तरबाट कुनै पहल नभएको सुनाउँदै ठोरीका रामबहादुर श्रेष्ठले भन्नुभयो, “हामीले जङ्गली जनावरको आतङ्क रोक्न धेरै पटक आवाज उठायौँ । अहिलेसम्म हाम्रो समस्या समाधान भएको छैन ।”

जङ्गली जनावरले दिउँसै आक्रमण गर्न थालेपछि आजित भएका स्थानीयवासीले यसको दीर्घकालीन समाधानका लागि सरकारलाई दबाब दिन र आफू पनि सक्रिय रहन स्थानीय जनप्रतिनिधिसँग आग्रह गर्दै आएका छन् ।

जिल्लास्थित डिभिजन वन कार्यालयका प्रमुख हेमन्त साहले राष्ट्रिय वन जङ्गल आसपासको क्षेत्रमा जङ्गली जनावरले आतङ्क मच्चाउँदै आएको स्वीकार्दै समस्या समाधानका लागि पहल गरिरहेको बताउनुभयो । बजेट तथा आवश्यक कानुनको अभावले समग्र जङ्गल क्षेत्रमा घेरबार गर्न नसकिएपछि जङ्गली जनावरले बढी क्षति पुऱ्याउने क्षेत्रमा ठूलो खाल्डो खनेर तत्कालीन समस्या समाधान गर्न सकिने उहाँको भनाइ छ ।

कार्यालयमा बाघ व्यवस्थापनको उचित टोली नभएकाले समस्या निरन्तर बढेको साहले बताउनुभयो । “दीर्घकालीन समाधानका लागि सम्बन्धित निकायमा पत्राचार गरेका छौँ । बाघको उद्दार गर्ने दक्ष टोली (स्पेसल टिम) चितवन राष्ट्रिय निकुञ्जमा छन्”, उहाँले भन्नुभयो, “त्यहाँबाट टोली माग गरेका छौँ ।”

टोली आइसकेपछि बाघको उचित व्यवस्थापन तथा उद्दारमा जुट्ने प्रमुख साहले जानकारी दिनुभयो । पर्सा राष्ट्रिय निकुञ्ज आधाभारका वाडेन रामचन्द्र खतिवडाले मानवबस्तीमा बाघ पसेर क्षति पुऱ्याउने गरेकाप्रति आफुहरु गम्भीर रहेको भन्दै तत्काल समस्याको समाधान खोज्ने प्रयास भइरहेको बताउनुभयो ।रासस

# सुनको मूल्य हालसम्मकै उच्च

टुडे समाचारदाता




काठमाण्डु । नेपाली सुनचाँदी बजारमा सुनको मूल्यले नयाँ रेकर्ड बनाएको छ । सुनचाँदी बजारमा मंगलबार छापावाल सुनको मूल्य प्रतितोला रु एक लाख २३ हजार निर्धारण गरिएको छ ।अघिल्लो दिन प्रतितोला रु एक लाख २१ हजारमा कारोबार भएको सुनको मूल्य मंगलबार प्रतितोला रु दुई हजारले बढेर नयाँ बिन्दुमा पुगेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार मंगलबार तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख २२ हजार चार सय कायम भएको छ ।

यसको मूल्य अघिल्लो दिन प्रतितोला रु एक लाख २० हजार चार सय थियो । त्यस्तै मंगलबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु ३५ले बढेर रु एक हजार चार सय ४५ तोकिएको महासङ्घले जनाएको छ ।

यसअघि गत पुस १२ गते प्रतितोला रु एक लाख २२ हजारको उच्चदरमा छापावाल सुन कारोबार भएको थियो । त्यसपछि केही समय सामान्य रही यही फागुन २ गते एक लाख १६ हजार पाँच सयसम्म आएको सुनको मूल्य त्यसयता उतारचढाव हुँदै मंगलबार हालसम्मकै उच्च बनेको हो । महासङ्घले अन्तर्राष्ट्रिय बजारमा हुने सुन तथा चाँदीको कारोबार मूल्यका तुलनामा यहाँ दैनिक कारोबार मूल्य तोक्दै आएको छ । अन्तर्राष्ट्रिय बजारमा हाल सुन प्रतिऔँस दुई हजार एक सय १५ डलर आसपास कारोबार भइरहेको छ ।

# सबै वर्ग र समुदायलाई हेरेर कानुन बनाउँछौँ : सांसद बेल्वासे



काठमाण्डु । राष्ट्रियसभा सदस्य गङ्गाकुमारी बेल्वासेलाई कानुन बनाउने जिम्मेवारी पाएका सांसदले कानुन बनाउँदा सबै वर्ग, जाति र समुदायलाई न्याय प्रदान गर्न सक्नुपर्छ भन्ने लाग्छ ।

जनताको निरन्तरको सङ्घर्ष र बलिदानले मुलुकमा सङ्घीय गणतान्त्रिक शासन व्यवस्था आएको जनाउँदै यसले प्रदान गर्ने अधिकारको उपयोग सबै नेपालीले गर्न पाउनुपर्छ भन्ने उहाँको मान्यता छ । “राष्ट्रियसभामा विधेयकहरू आउने, छलफल गर्ने, अध्ययन गर्ने तरिका विशेष किसिमको छ, कानुन बनाउँदा सबैखाले वर्ग, समुदायलाई हेरेर बनाउनुपर्छ”, नेकपा (माओवादी केन्द्र)का सांसद बेल्वासेले भन्नुभयो, “मुलुक सङ्घीयतामा गइरहेको अवस्थामा त्यसलाई कार्यान्वयन हुनेगरी र सबैलाई समेट्नेगरी विधेयक आएको छ कि छैन भनेर अध्ययन गर्छौं ।”

“कतिपय विधेयकहरू स्पष्ट नबुझिनेगरी आएको हुन्छ । कतिपय विधेयकको पुनर्लेखन पनि गरिएको छ”, उहाँले विधेयक निर्माणका सन्दर्भमा भन्नुभयो, “विधेयक निर्माणमा समितिमा धेरै छलफल हुन्छ ।

छलफल गर्दा ६० प्रतिशतभन्दा बढी संशोधन गर्नुपर्ने भएमा नयाँ विधेयककै रूपमा बनाउँछौँ ।

ि व ज्ञ , सरकार, सरोकारवालासँग छलफल गरेर मात्र अन्तिम रूप दिन्छौँ ।”सांसदका रूपमा चार वर्ष काम गर्दा उहाँमा धेरै कुराको अनुभव भएको छ । “संसद्ले कानुन बनाउँछ तर अधिकांश हामी सदस्यहरू कानुन विषय पढेर आएका होइनौँ । तालिम लिएर, अध्ययन गरेर विधेयक निर्माणमा लागिरहेका हुन्छौँ”, उहाँले जोड्नुभयो, “संविधान र ऐनहरू पढेर आवश्यक तयारी गर्ने गर्छु ।”

सांसद हुनु र संसद् बाहिर रहेर काम गर्दा केही फरक अनुभव उहाँलाई भएको छ ।

“संसद्मा आएपछि जनताको समस्या शून्य र विशेष समयमा राख्न पाइन्छ, संसद्मा रहनु र बाहिर रहनुमा केही फरक त छ, संसद्मा रहँदा कानुन बनाउनुपर्ने विषयमा बढी ध्यान दिनुपर्ने हुन्छ”, उहाँले आफ्नो अनुभव सुनाउँदै भन्नुभयो, “बाहिर रहँदा जनताको विषयवस्तुमा मात्र केन्द्रित भए हुन्छ ।”

“विधायकलाई अध्ययन एकदमै जरुरी छ, सचिवालयले सहयोग गरेर मात्र पुग्दैन, त्यसका लागि आफूले जानेको र स्वअध्ययन गरेको हुन्छ, दलको सचिवालयले पनि सहयोग गर्छ”, सांसद बेल्वासेले भन्नुभयो, “समितिमा पनि केही अप्ठ्यारो परेका विषयहरूका खुलेर छलफल गर्न सकिन्छ । कानुन निर्माणमा पुराना प्रथा, परम्परा सबै हेरेर पनि छलफल गर्छौं । अहिलेसम्म कुनै पनि विधेयक बहुमत वा अल्पमतले पारित गर्नुपरेको अवस्था छैन, त्यो सम्झिँदा असाध्यै खुसी लाग्छ ।”

“बैठक ठीक समयमा सुरु हुन्छ । कुनै एक दलबाट राजीनामा दिएर आएको भए पनि कुनै दिन पनि राष्ट्रियसभा अध्यक्षले विभेद गरेको महसुस गर्नुपरेको छैन”, बैठक सञ्चालनका बारेमा अनुभव सुनाउँदै उहाँले भन्नुभयो, “अध्यक्षले निष्पक्ष र हार्दिकतापूर्वक बैठक सञ्चालन गर्नुभयो ।

कुनै पनि पार्टीलाई असहज भएन, कुनै पक्षपात हुने तरिकाले बैठक सञ्चालन गर्ने र व्यवहार गर्ने गर्नुभएन । बैठकमा खुलेर छलफल गर्ने वातावरण बन्यो । समितिका बैठकमा पनि त्यस्तै हार्दिकता देखियो ।”

“राजनीतिक जीवनमा मैले निकै लामो समय व्यतित गरिसकेकी छु”, सांसद बेल्वासेले विगत सुनाउँदै भन्नुभयो, “मेरा बच्चा पनि यही आन्दोलनमा जन्मिए, हुर्किए ।

महिला, दलित, पछाडि परेका वर्गसँग सङ्गठन निर्माणमा मैले भूमिका निर्वाह गरेकी छु । सक्रिय भएर काम गर्ने भएकाले पार्टीमा कुनै पनि किसिमको विभेद भोग्नुपरेको छैन ।

”उहाँले भन्नुभयो, “जिम्मेवारीबाट पन्छिन मन लाग्दैन ।

महिलाको केन्द्रीय नेतृत्वमा २०५२ सालदेखि नै काम गर्दै आएँ, जतिसुकै कठिन परि स्थितिमा पनि मैले पार्टीको काम गर्न छाडिनँ ।”

विसं २०२६ साल पुस ५ गते जन्मिनुभएकी सांसद बेल्वासे चितवन जिल्लाबाट प्रतिनिधित्व गर्नुहुन्छ । हाल नेकपा (माओवादी केन्द्र) मा सक्रिय बेल्वासे २०४७ सालदेखि (तत्कालीन नेकपा चौथो अधिवेशन) राजनीतिमा होमिनुभएको थियो ।

विसं २०४७ सालमा अखिल नेपाल महिना सङ्घमा सहभागी हुनुभएका बेल्वासे २०४७ सालमै नेपाल कम्युनिष्ट पार्टी (चौथो महाधिवेशन)को सदस्य हुनुभयो । विसं २०४८ मा नेकपा (एकता केन्द्र)को घोराही नगर एकता अधिवेशनको प्रतिनिधि र सोही अधिवेशनबाट नगर समिति सदस्यमा निर्वाचित हुनुभयो । विसं २०५० साल फागुनमा सम्पन्न अखिल नेपाल जनवादी युवा लिगको प्रथम राष्ट्रिय सम्मेलनबाट केन्द्रीय समिति सदस्य तथा २०५७ सालमा जनमोर्चा नेपालको तेस्रो राष्ट्रिय सम्मेलनबाट केन्द्रीय समिति सदस्यमा निर्वाचित हुनुभयो ।

विसं २०७५ मा नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले)को एकतापछि बनेको तत्कालीन नेकपाको केन्द्रीय सदस्य हुनुभयो ।

विसं २०७७ मा नेकपा (माओवादी केन्द्र)को पोलिटब्यूरो सदस्य भएर काम गर्नुभयो ।

सांसद बेल्वासेको अनुभव र विज्ञता खासगरी महिला समानताको अभियान, समाजसेवामा रहेको छ । सांसद बेल्वासेको फुटकर लेख र रचनाका कृति पनि प्रकाशन भएका छन् ।रासस

# ‘तीन पुस्तापछि जग्गाको मालिक बन्न पाउने भयौँ, खुसी छौँ’



सिरहा । सिरहाको लहान नगरपालिका-१६ स्थित तरेगना गोविन्दपुरका लक्ष्मी चौधरीको अनुहार सोमबार निकै प्रसन्न देखिन्थ्यो । लहान नगरपालिकाको पहलमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जोतभोगका आधारमा जग्गाधनी दर्ता प्रमाणपुर्जा (लालपुर्जा)का लागि वितरण गरिएको निस्सापत्र प्राप्त गरेपछि उहाँका मुहारमा खुसी छाएको हो ।

“यही पाउनका लागि धेरै वर्षको प्रतिक्षा थियो । पुस्तौँपुस्ता बिताउनुपर्यो”, हातमा निस्सापत्र देखाउँदै उहाँले भन्नुभयो, “धेरै खुसी लागेको छ । हामीले दुःखजिलो गरी गुजरा चलाउने जमिनको मालिक आफैँ हुन पाइनेभयो । यो पत्र (निस्सापत्र) लगेर घरमा श्रीमान्लाई देखाउँछु, उहाँ पनि खुसी हुनुहुन्छ ।”

लक्ष्मीजस्तै सोही वडाका रामप्रसाद महतो पनि खुसी देखिनुहुन्थ्यो । “भूमिको नाममा कहीँकतै केही नभएको म यो निस्सा पाउँदा अब जग्गा नै पाउँछु भन्ने विश्वास लागेको छ”, उहाँले भन्नुभयो, “निस्सा नभई रातो लालपुर्जा नै पाएजस्तो महसुस गरेको छु, अब सरकारले जग्गा दिनेमा विश्वस्त छु ।” चौधरी र महतोजस्तै वडा नं १६ का तीन सय ७६ जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थितरूपमा बसोबास गर्दै आएका परिवारले सोमबार निस्सा पाएपछि लालपुर्जा पाउने आशमा खुसी देखिएका छन् ।

वडावासीलाई भूमिको अधिकार दिलाउन वडा र नगरको सहजीकरण समितिबाट प्रमाणीकरण गरी राष्ट्रिय भूमि आयोगसँगको समन्वयमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन गरी नगरपालिकाले निस्सा वितरण गरेको नगरप्रमुख महेशप्रसाद चौधरीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “वर्षौंदेखि जोतभोग गरेका तर आफ्नो नाममा जग्गा नभएका यहाँका भूमिहीनलाई जग्गा दिलाउन हामीले विभिन्न वडामा पहिलो चरणको प्रक्रिया सुरु गरिसकेका छौँ । निस्सा वितरणका आधारमा नै जग्गाको नापजाँचको कामलगायतका प्रक्रिया अगाडि बढाइने छ । सम्पूर्ण प्रक्रिया पूरा गरी एक महिनाभित्रै जग्गाधनी पुर्जा वितरण गर्नका लागि राष्ट्रिय भूमि आयोगका प्रतिनिधिलाई अनुरोध गर्दछु ।”

नागरिकलाई अधिकारसहित गाँसबासको व्यवस्था गर्नु राज्यको दायित्व भएको जनाउँदै नगरपालिकाका उपप्रमुख रापचलितार महतोले वर्षौंदेखि उपभोग गर्दै आएको जमिन आफ्नो नाममा नहुँदा निराश बनेका सुकुम्बासीलाई निस्सा प्राप्ति भूमिप्राप्तिको आधार बनेको बताउनुभयो । नगरपालिकाले गत माघ २८ गते वडा नं १५ का सात सय ७६ जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई निस्सापत्र वितरण गरेको थियो ।

राष्ट्रिय भूमि आयोग सिराहाका अध्यक्ष रामअधिन यादवले नागरिकलाई जग्गाविहीन हुन नपरोस् भनी आयोगले काम गरिरहेको बताउनुभयो । उहाँको अनुसार १० वर्षसम्म एउटै जमिन जोतभोग गर्ने नागरिकलाई डेढ बिघासम्म उक्त जमिनको लालपुर्जा पाउने अधिकार हुनेछ । उहाँका अनुसार सिरहा जिल्लामा अहिलेसम्म आठ हजार सुकुम्बासी र तीन हजार आठ सय अव्यवस्थित बसोबासीले जग्गा प्राप्तिका लागि आ-आफ्नो बसोबास रहेको पालिकामा निवेदन दिएका छन् ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

- मेष : नयाँ कार्य हुने ।
- बृष : बौद्धिक क्षमता ।
- मिथून : प्रतिभा सम्पन्नता ।
- कर्कट : शिक्षामा उन्नति ।
- सिंह : पारिवाहिक सुख ।
- कन्या : धन वृद्धि सञ्चय ।
- तुला : प्रेम प्रसंग, मित्र सुख ।
- वृश्चिक : सुख समृद्धि हुने ।
- धनु : भ्रमण अवसर हुने ।
- मकर : अवसर प्राप्त ।
- कुम्भ : वाद विवादबाट बच्नु ।
- मीन :

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |

| | |
|---|---|
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



सर्लाहीको लालबन्दी नगरपालिका-९ स्थित जनज्योति मा।विमा कक्षा ९ देखि १२ सम्म कृषि विषय अध्ययनरत विद्यार्थीहरुले लालबन्दी नगरपालिका-९ स्थित कृषि प्रयोगात्मक स्थलमा लगाएको गँहु खेती। *तस्बिर : रासस*

# भ्रष्टाचार अभियोगमा विशेष अदालतमा मुद्दा दायर

**टुडे समाचारदाता**

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सघन सहरी तथा भवन निर्माण कार्यालय राजविराजका तत्कालीन आयोजना प्रमुखसहितका कर्मचारीविरुद्ध मंगलबार विशेष अदालतमा मुद्दा दायर गरेको छ।

राजविराज मधुवापुर वडा कार्यालयबाट अर्जी टोलसम्मको तीन सय मिटर सडक कालोपत्र गर्ने क्रममा प्रक्रिया नपुऱ्याइ काम गरेकाले भ्रष्टाचारको अभियोगमा मंगलबार मुद्दा दायर गरिएको हो।




तत्कालीन आयोजना प्रमुख सिनियर डिभिजनल इन्जिनियर सचिन्द्रकुमार देव, इन्जिनियर मदन राय, सवइन्जिनियर सरोजकुमार यादवविरुद्ध रू तीन लाख ४७ हजार बराबरको बिगो दाबी गर्दै मंगलबार विशेष अदालतमा मुद्दा दायर गरिएको आयोगका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।

उनका अनुसार गुन्जा कन्सट्रक्सन, खडक नगरपालिका-८ सप्तरीका प्रोपाइटर गोविन्दप्रसाद मण्डलविरुद्ध पनि रू तीन लाख ४७ हजार बिगो दाबी गर्दै मुद्दा दायर गरिएको छ।

# महोत्तरीको रामनगरस्थित एभरेष्ट चिनी मिलमा उखु अभाव

टुडे समाचारदाता

जलेश्वर। महोत्तरीको रामनगरस्थित एभरेष्ट चिनी मिलमा उखु अभाव भएको छ। आवश्यक उखु आपूर्ति हुन नसक्दा (नो केन) मिल पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन।



महाप्रबन्धक सुरेन्द्र शुक्लाले क्षमता अनुसार मिल सञ्चालन हुन दैनिक ४० हजार क्विन्टल उखु आवश्यक पर्ने बताए। त्यसबाहेक पनि कारखाना परिसरमा १० हजार क्विन्टल उखु जगेडा चाहिन्छ।

एभरेष्टले पुस ४ गतेदेखि क्रसिङ सुरु गरेको थियो। फागुन तेस्रो सातादेखि उखु आपूर्ति दैनिक २० देखि २५ हजार क्विन्टलमा झरेपछि शुक्रवारदेखि 'नो केन' भएको उनले बताए। 'नो केन' का कारण २ दिन विराएर मिल चल्न थालेको छ।

यो अवस्थाले चिनी उत्पादन प्रभावित हुनुका साथै कारखानाले दैनिक लाखौ मूल्यबराबरको क्षति व्यहोर्नुपरेको प्राविधिकले जनाएका छन्।

कुनै पनि कारणले एक दिन क्रसिङ रोकिँदा चिनी बन्ने प्रक्रियामा रहेका ३० हजार लिटरभन्दा बढी उखुको रस (केन जुस) र स्टिम बनाउने इन्धनको क्षति हुन्छ। लेबर र उत्पादन लागतसमेत बढ्न गई उद्योगले दैनिक १० लाख जतिको क्षति ब्यहोर्नुपर्ने प्राविधिक शाखाले जनाएको छ।

आवश्यक उखु आपूर्ति हुन नसकेपछि मिलले २ दिनअघि सार्वजनिक सूचना जारी गरी बाँकी रहेका उखु सक्दो छिटो उपलब्ध गराउन किसानलाई आग्रह गरेको छ।

एभरेष्टले यो वर्ष (२०८०-८१) मा न्यूनतम ३० लाख क्विन्टल उखु क्रसिङ गरी २ लाख ७० हजार क्विन्टल चिनी उत्पादनको लक्ष्य लिएको छ। यो लक्ष्य पूरा गर्न दैनिक ४० हजार क्विन्टल उखु क्रसिङ गरी ३ हजार ६ क्विन्टल चिनी उत्पादन गर्दै आएको थियो।

उखु अभावले क्रसिङ र उत्पादन दुवैमा कमी आएको शुक्लाले बताए।

उखु उत्पादक कृषक सङ्घ महोत्तरीका अध्यक्ष नरेश सिंह कुशवाहाका अनुसार किसानका खेतमा उखु सकिँदै गएकाले मिल गेटमा उखु आपूर्तिमा कमी आएको हो।

क्रसिङका लागि आवश्यक उखु मिल गेटमा २० लाख क्विन्टल र कारखाना परिसर बाहिर महोत्तरी र सर्लाहीका ३३ वटा खरिद केन्द्रमार्फत दश लाख क्विन्टल उखु आपूर्तिको व्यवस्था गरिएको थियो।

उखु खेत रित्तिदै गएकाले धेरैजसो खरिद केन्द्रहरु बन्द भइसकेका छन्।

यसलेगर्दा उखु आपूर्ति पनि कम हुँदै गएको उनले बताए।

कुशवाहाले पूर्ण क्षमतामा मिल सञ्चालन गर्न उखु उत्पादनमा वृद्धि एक मात्र विकल्प भएको बताए।

यसका लागि सरकार र उद्योगीले किसानको श्रम र लागतको मूल्याङ्कन गरी उखुको उचित मूल्य तोक्नुपर्ने आवश्यकता औंल्याए।

"उत्पादन लागतको आधारमा मूल्य नपाउँदा उखु खेतीप्रति मोहभङ्ग हुँदै गएको छ।

समय अगावै 'नो क्यान' को अवस्था यसैको असर हो।

राज्य र उद्योगी गम्भीर नभए आउँदा वर्षहरुमा उखु अभाव थप गहिरिँदै जाने निश्चित छ," उनले भने।

# दोस्रो चरणको खोप सुरु

**टुडे समाचारदाता**

जलेश्वर । दादुरा रुबेलाविरुद्धको दोस्रो चरणको खोप यहाँ सुरु भएको छ। जिल्लाका छ नगरपालिका र दुई गाउँपालिकासहित आठ स्थानीय तहका खोप केन्द्रमा मंगलबार दोस्रो चरणको खोप सुरु भएको छ।

यस चरणमा बर्दिबास, गौशाला, औरही, रामगोपालपुर, भङ्गाहा र बलवा नगरपालिका तथा सोनमा र सम्सी गाउँपालिका छन् । यसअघि यही फागुन १३ गतेदेखि सोमबारसम्म पहिलो चरणमा सात स्थानीय तहमा दादुरा र रुबेलाविरुद्धको खोप सञ्चालन गरिएको थियो।

सो चरणमा जिल्ला सदरमुकाम जलेश्वरसहित लोहारपट्टी, मटिहानी र मनराशिशवा नगरपालिका तथा पिपरा, महोत्तरी र एकडारा गाउँपालिका सामेल रहेका स्वास्थ्य कार्यालयले जनाएको छ।

दादुरा रुबेला खोप नौ महिनादेखि १५ वर्ष उमेर समूहबीच दिइँदै छ। यो उमेर समूहका जिल्लामा दुई लाख ३० हजार नौ सय ८७ बालबालिका छन् । दुई चरणमा जनशक्ति खटाएर सञ्चालित अभियानमा सबैलाई खोप सेवा पुऱ्याउने लक्ष्यका साथ काम गरिएको कार्यालयका प्रमुख स्वास्थ्य प्रशासक सुनीता गुप्ताको भनाइ छ । यसपालि महोत्तरीलाई पूर्ण खोपयुक्त जिल्ला घोषणाको तयारी छ । जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकासहित १५ वटा स्थानीय तहमा दादुरा रुबेला खोप अभियानसँगै जिल्लालाई पूर्ण खोपयुक्त घोषणाको तयारी साथ अभियान अघि बढेको स्वास्थ्य कार्यालयले जनाएको हो। जिल्लाका दुई स्थानीय तह पूर्ण खोपयुक्त घोषणा हुन बाँकी छन्।

यसपालि अहिले जारी दादुरा रुबेला खोप अभियानलाई सबैको पहुँचमा पुऱ्याएर जिल्लालाई पूर्ण खोपयुक्त घोषणाको तयार ीसाथ अभियान अघि बढाइएको स्वास्थ्य कार्यालयका प्रमुख स्वास्थ्य प्रशासक गुप्ताले बताए। जारी खोप अभियानमा दुवै चरणमा गरी नौ सय २४ खोप केन्द्र व्यवस्थित गरिएको छ।

यसैगरी, अभियानको खोप सञ्चालन गर्न एक हजार आठ सय ४८ दक्ष स्वास्थ्यकर्मी र दुई हजार सात ७२ स्वयंसेवकसहित चार हजार छ सय २० जनशक्ति विन्यास गरिएको कार्यालयले जनाएको छ। खोप अभियानको प्रभावकारिताका लागि अतिरिक्त जनशक्ति व्यवस्थापन, जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय र सम्बद्ध स्थानीय तहबाट समन्वय तथा अनुगमनको प्रबन्ध मिलाइएको स्वास्थ्य कार्यालयले जनाएको छ।

यसपालिको दादुरा रुबेला खोप अभियानको प्रभावकारिताले अन्य खोप सेवाको पहुँच सुनिश्चित गर्न सहयोग पुग्ने हुँदा कार्यालयले यस अभियानमा सरिक हुन र सहयोग पुऱ्याउन सबै राजनीतिक दल, सामाजिक सङ्घसंस्था तथा जनप्रतिनिधिमूलक निकायका प्रतिनिधिसहित आम जनसमुदायमा अपिल गरेको छ।

# आयोजना प्रमुखसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा

**टुडे समाचारदाता**

राजविराज । सघन सहरी तथा भवन निर्माण कार्यालय, राजविराजका तत्कालीन आयोजना प्रमुख सिनियर डिभिजनल इन्जिनियर सचिन्द्रकुमार देवसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ।

अ ख्ति त या र दुरुपयोग अनुसन्धान कार्यालयका प्रवक्ता नरहरि घिमिरेका अनुसार सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका वडा नं. ४ मधुवापुर अन्तर्गत सहरी विकास राजविराजद्वारा मधुवापुर वडा कार्यालयदेखि अर्जी टोलसम्म लगभग ३०० मिटर दूरीमा कालोपत्रे बाटो निर्माण बिना टेन्डर भएको, होडिङ्गबोर्ड नलगाएको र निर्माण कार्य राम्रो नभएको भन्ने उजुरी सम्बन्धमा अनुसन्धान हुँदा उनीहरुविरुद्ध सो मुद्दा दायर भएको छ।

तत्कालीन इन्जिनियर मदन राय, सब-इन्जिनियर सरोजकुमार यादवले उक्त निर्माण आयोजनाको ठेक्का इष्टिमेट र योजनाको सम्झौतामा हस्ताक्षर गरेको, कम काम गरी बढी काम गरेको भनी प्राविधिक मूल्याङ्कनसहितको नापी किताब, ठेक्का बिल, अन्तिम नापी किताब, कार्य स्वीकार प्रतिवेदनसमेत प्रमाणित गरी निर्माण व्यवसायीलाई तीन लाख ४७ हजार रुपियाँ बढी भुक्तानी दिएको आयोगको विज्ञप्तिमा उल्लेख छ।

यस्तै, गुन्जा कन्स्ट्रक्सन, खडक-८, सप्तरीका प्रोप्राइटर गोविन्दप्रसाद मण्डलले निर्माण कार्य सम्पन्न भएको भनी ठेक्का बिल, भरपाईलगायतका कागजात पेस गरेको तर सर्त एवम् सम्झौताबमोजिमको कार्य नगरी भएको भन्दा बढी कार्य मूल्याङ्कन गरी तीन लाख ४७ हजार रुपियाँ भुक्तानी लिएको आरोप लागेको छ।

**मोटरसाईकल हरायो**

मेरो निम्न ब्यहोरा भएको जिल्ला धनुषा कमला.न.पा. वडा नं. ०२, सरावे स्थित बाट छेउमा रोकी पार्किङ्ग गरि राखेको अवस्थाबाट मिति २०८०/११/१७ गते करिब दिउसो २:०० बजे ना. ५१ प ४१३१ नम्बरको Black रंगको ईन्जिन नं. JC65E71285131 चेचिस नम्बर ME4JC658JH7015418 को होण्डा साइन कम्पनीको 125cc रहोको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

नामः भुषण प्रसाद बर्णवाल
ठेगानाः जि.पर्सा विरगंज म.न.पा. वडा नं १७
मो. नं. ९८४५०३८५३२

# मन्दिरमा चढाइएको १७८ तोला सुन लिलाम गरिँदै

**टुडे समाचारदाता**

काठमाण्डु । ताप्लेजुङमा अवस्थित प्रसिद्ध पाथीभरामा भक्तजनले चढाएको सुनचाँदी लिलाम प्रक्रिया अगाडि बढाइएको छ।

पाथीभरा क्षेत्र विकास समितिले १७८ तोला सुन र पाँच हजार तोला चाँदी बिक्री गर्न लागेको हो।

विसं २०७९ देखि २०८० मङ्सिर १६ गतेसम्म पाथीभरामा चढाएका सुनका गरगहना सङ्कलनपछि प्रशोधन गरेर १७८ तोला ८२ लाल सुन निकालिएको र त्यसलाई लिलाम बिक्रीको प्रक्रियामा राखिएको पाथीभरा क्षेत्र विकास समितिले जनाएको छ।

२०७६ देखि २०८० मङ्सिर १६ गते सम्ममा पाथीभरामा पाँच हजार २९८ तोला १२ लाल चाँदी सङ्लन भएको र त्यसलाई पनि बिक्री गर्ने प्रक्रिया प्रारम्भ गरिएको पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रचिन हाङपाङले बताए।

कार्यकारी निर्देशक हाङपाङका अनुसार प्रतितोला सुनको मूल्य रु एक लाख २१ हजार र प्रतितोला चाँदीको मोल रु एक हजार ४१० कायम गरिएको छ। सुनचाँदी खरिद गर्न इच्छुक फर्म वा व्यक्तिलाई २१ दिनको समय दिएर बोलपत्र आह्वान गरिएको छ। बाह्रै महिना तीर्थयात्री आउने पाथीभरामा विशेष गरी बडादसैं र वसन्त ऋतुमा भक्तजनको चाप बढ्ने गरेको छ। बडादसैंपछि चैतेदसैंमा पनि धेरै देवीभक्त यहाँ आउने गर्दछन्। भारतका साथै अन्य देशबाट पनि भक्तजन यहाँ आउने गरेका छन्।

**Madhesh Provincial Government**
**Ministry of Health and Population**
**Province Health Logistic Management Centre**
**Madhesh Province**
**Janakpur, Nepal**

**Notice of Intention to Award**

Date of Notice: 6th March, 2024 (23thFalgun, 2080)

Pursuant to clause 27 (2) and 47 (3) of Public Procurement Act 2063, this is to notify all the bidders that the following substantially responsive lowest bidders have been selected to award the contract as per the Invitation for Bids published on National News Paper PHLMC, Janakpur Madhesh province intends to award the contracts to the same.


| S.N. | IFB no | Name of Successful Bidder | Total Amount NPR (Inclusive of VAT) |
|---|---|---|---|
| 1 | The Procurement of Injection Anti Snake Venom Serum(ASVs)(1.1) (MP/PHLMC/NCB/GOODS-1.1/2080-81) | Excel Pharma;Kupondole,Lalitpur | 32,40,000 |
| 2 | The Procurement of Injection AntiRabies Vaccine(ARV)(P-III) (MP/PHLMC/NCB/GOODS-1.2/2080-81) | The Solution Meditech PVT. Ltd | 5217000 |
| 3 | The Procurement and supply of surgical and Supporting Items P-II) (MP/PHLMC/NCB/GOODS-3.2/2080-81) | Aaditaya International;Janakpurdham-02;Dhanusha | 6752202 |

The Director

**गौशाला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**गौशाला, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

**भुल सुधार सम्बन्धी सुचना**

यस गौशाला नगरपालिकाको मिति २०८०/११/२१ गते जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकाको पृष्ठ ७ मा प्रकासित सूचनाको सि.नं. १, वोलपत्र नं. GAU/SQ/INCOME/1-2080/081 को वोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८०/११/२७ गते हुनुपर्नेमा भुलबस अन्यथा हुन गएकोले भुल सुधार गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकासित गरिएको छ।




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# नितिशकुमारको नक्कल

नेपालमा संघीय गठबन्धन भत्किएर अर्को गठबन्धन भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल‘प्रचण्ड’ले मन्त्रिपरिषद् पुनर्गठन गरेका छन् । प्रधानमन्त्री प्रचण्डले राजीनामा नै नदिई सरकारमा रहेका सबै मन्त्रीहरुलाई एकमुष्ट बर्खास्त गरिएको सूचना राष्ट्रपति रामचन्द्र पौडेललाई दिएका थिए । त्यसपछि उनले नयाँ गठबन्धनमा रहेका दलहरुका एक/एक जनालाई विना विभागीय मन्त्री बनाएर सपथ ग्रहण गराएका थिए। सबै मन्त्रालय प्रधानमन्त्री आफैँले राखेका छन्। संघीय सरकारमा गठबन्धन बदलिएपछि त्यसको प्रभाव प्रदेशहरुमा पर्न थालेको छ। संघीय सरकारका लागि कांग्रेस, माओवादी, जनता समाजवादी पार्टी, नेकपा एस लगायतका दलहरुसितको गठबन्धन गरिएको थियो । त्यस बखत दुई/दुई वर्ष माओवादी र कांग्रेसले सरकारको नेतृत्व गर्ने र एक वर्ष नेकपा एसका अध्यक्ष माधवकुमार नेपाल प्रधानमन्त्री हुने शीर्ष नेतृत्व तहमा ‘भद्र’सहमति भएको थियो । प्रचण्डले प्रधानमन्त्रीको रुपमा १४ महिना कार्यकाल पूरा गरिसकेपछि गठबन्धन भत्किएको छ। कांग्रेस सहितको गठबन्धनमा प्रचण्डले आगामी १० महिना मात्र प्रधानमन्त्री रहन सक्थे । अहिले गठबन्धन फेरिए पछि प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओली बीच भएको सहमति अनुसार प्रचण्डले आगामी दुई वर्ष प्रधानमन्त्री रहिरहने छन् । त्यस पछिको कार्यकाल एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्रीको रुपमा चलाउने छन् । तर थप दुई वर्षे कार्यकाल पूरा हुन लाग्दा प्रचण्डले फेरि पल्टेर कांग्रेससित गठबन्धन गरी बाँकी समय पनि प्रधानमन्त्रीको रुपमा पूरा गर्नसक्ने छन् । भारतको बिहारमा मुख्यमन्त्री नितिश कुमारले नवौं पटक मुख्यमन्त्री बनेका छन् । उनले पटक-पटक गठबन्धन भत्काउँदै मुख्यमन्त्री निरन्तर रहेका छन् । प्रचण्डले पनि नितिशकुमारको अनुशरण गर्दा सत्तालाई त निरन्तरता दिन सक्ने छन्, तर राजनीतिक रुपमा देशमा अस्थिरतालाई समेत निरन्तरता दिने आरोपबाट मुक्त हुन सक्ने छैनन् । १२ महिनाको कार्यकालमा प्रधानमन्त्री प्रचण्डले पहिलो तीन महिनामा एमाले अध्यक्ष ओलीलाई फालेका थिए । एमाले सितको गठबन्धनमा सबै प्रदेशमा पनि सरकार गठन भएको थियो । कांग्रेससित गठबन्धन हुँदा सबै प्रदेशमा एमाले सरकारबाट आउट भए । अहिले अब सबै प्रदेशबाट कांग्रेस आउट भएर एमाले इन हुँदैछ । देशमा यसरी शासन व्यवस्था चलाएर सुशासन कायम हुन सक्छ त ? यसले राजनीतिक अस्थिरताले निरन्तरता पाउने छ। कांग्रेस सित मिल्दा रामचन्द्र पौडेललाई राष्ट्रपति बनाउने प्रचण्डले अहिले एमाले सित मिलेर राष्ट्रियसभाको अध्यक्ष लिएका छन् । राजनीतिमा सबै थोक पद मात्रै होइन ।

# विश्वव्यापी किसान विद्रोहबाट नेपालले सिक्नुपर्ने पाठहरू



डा. रामहरि पौड्याल

युरोपको जर्मनीस्थित बर्लिनबाट सुरु भएको किसानको विद्रोह क्रमशः फ्रान्स, बेल्जियम, नेदरल्यान्ड्स, पोल्याण्ड, स्पेन, इटाली र ग्रीस लगायत देशमा हप्ता दिनदेखि प्रदर्शन भइरहेका छन्। यो विद्रोह युरोपबाट भारत हुँदै नेपालसम्म आइपुगेको संकेत प्रधानमन्त्रीको गृह जिल्ला चितवनका दुग्ध किसानहरूले बाटोमा दूध पोखेर सुरु गरेका छन्। किसानले दूध बिक्री गरेको ६ अर्बभन्दा धेरै रकम पाएका छैनन। जसमध्ये सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डीडीसी) ले तिर्नुपर्ने मात्रै दुई अर्बभन्दा बढी रहेको राष्ट्रिय दुग्ध किसान सहकारी संघ लिमिटेडले जनाएको छ।

सरकारी र अधिकांश निजी डेरी उद्योगले गत असोजदेखि किसानलाई दूधको पैसा दिएका छैनन। जिल्ला दुग्ध सहकारी संघहरूका अनुसार २१ जिल्लाका दुग्ध किसानले ३ अर्ब ५ करोड ९५ लाख रुपैयाँ बक्यौता पाउन आवश्यक छ । सबैभन्दा बढी पूर्वी नवलपरासीका किसानले ६० करोड र सबैभन्दा कम सुर्खेतका किसानले ८० लाख बक्यौता लिन बाँकी छ।

त्यसो त यस्तो विद्रोह चितवनमा गत साल नारायणगढ शहरको बीचमा तरकारी फालेर गरिएको थियो। कहिले टिप्न ठिक्क पारिएको बन्दागोभी ट्र्याक्टरले जोतेर विरोध गर्ने गर्छन् चितवनवासीले।

किसानहरूले बर्लिनको केन्द्र मानिने ब्रान्डनबर्ग गेटमा योजनाबद्ध कटौतीको विरोध गरे। ‘तपाईंको राजनीति किसानहरू विरुद्धको युद्धको घोषणा हो’ र यो अति अति भयो (टु मच इज टु मच) अब सकियो!’ लेखिएका प्लेकार्डहरू बोकेर किसानहरूले सरकारलाई ललकारी रहे। विरोध गरिरहे।

सन् २०२४ मा मितव्ययिता अपनाउने जर्मन सरकारको उपायहरूको एक भागको रूपमा कृषि सवारी साधनहरूको लागि डिजल अनुदान र कर छुट कटौती गर्ने योजनाको विरुद्ध सयौं जर्मन किसान र उनीहरूका ट्र्याक्टरहरू मध्य बर्लिनमा तेर्स्याइयो।

हालसालै एक संवैधानिक अदालतको निर्णयपछि ६० बिलियन यूरो छुट्याइएको ऋण रद्द गरेपछि, संघीय सरकारले किसानहरूको लागि अनुदानमा वार्षिक ९०० मिलियन यूरो (९८३.३४ मिलियन डलर) बचत गर्ने योजना घोषणा गऱ्यो। यो सरकारी नीतिका विरुद्ध जर्मन किसानहरू आगो भएर सडकमा उत्रिएका हुन्। युरोपका किसानहरू बढ्दो लागत र कर, रातो टेप, अत्यधिक वातावरणीय नियम र सस्तो खाद्यान्न आयातबाट प्रतिस्पर्धाको सामना गरिरहेको भन्दै युरोपियन युनियनभर विरोध प्रदर्शन गरिरहेका छन्।

बर्लिनको केन्द्र मानिने ब्रान्डनबर्ग गेटमा किसानहरू

पूर्वी युरोपमा भएका प्रदर्शनहरूले किसानले युक्रेनबाट ठूलो मात्रामा आयात हुने अनुचित प्रतिस्पर्धा भनेको कुरामा केन्द्रित छ, जसको लागि युरोपियन युनियनले रूसको आक्रमण पछि कोटा र शुल्कहरू माफ गरेको छ। पोल्यान्डका किसानहरूले युक्रेनसँगको सिमानामा यातायात अवरुद्ध गर्दै आएका छन्, जसलाई किभले आफ्नो रक्षा क्षमतामा असर गरिरहेको र रूसको उद्देश्यलाई मद्दत गरिरहेको छ। यसैबीच, चेक किसानहरूले आफ्नो ट्र्याक्टरहरू डाउनटाउन प्रागमा चलाएका छन्, कृषि मन्त्रालय बाहिरको यातायातमा बाधा पुऱ्याएका छन्। किसानहरूले कृषि आयातमा असन्तुष्टि जनाएका छन् किनभने त्यस्ता सस्ता आयातले युरोपेली किसानको उत्पादन मूल्यहरूमा ठूलो प्रभाव पार्दछ। अर्कोतिर युरोपियन किसानहरूमा लागू गरिएको वातावरणीय मापदण्डहरूले किसानहरूलाई झन् समस्यामा पारेको देखिन्छ।

युरोपियन युनियन र दक्षिण अमेरिकी ब्लक मर्कोसुर बीचको व्यापार सम्झौतालाई निष्कर्षमा पुऱ्याउन नवीकरण गरिएको वार्ताले पनि चिनी, अन्न र मासुमा अनुचित प्रतिस्पर्धाको बारेमा असन्तुष्टि फैलाएको छ।माथिको तालिकामा कृषि अनुदान दिने राष्ट्रहरूको सूची देखाइएको छ। नर्वे स्विट्जरल्याण्ड र जापान तालिकाको माथि छन् भने चिली, अस्ट्रेलिया र न्यूजिल्याण्ड तालिकाको पुछारमा रहेका छन्।

नियम र कर्मचारीतन्त्र

युरोपियन युनियनका किसानहरू अत्यधिक नियमनको कारण समस्या भएको बताउँछन्। भर्खरै लागू भएको नयाँ अनुदान नियमहरू हुन्, जस्तै कि ४ प्रतिशत खेतीयोग्य जमिन छोड्नुपर्ने आवश्यकता। पारम्परिक खेतीलाई रोटेसन गर्नुपर्ने बाध्यतालाई किसानहरूले झन्झटिलो ठानेका छन्।

कृषि कार्यमा प्रयुक्त कार्बन इमिसन कम गर्ने, क्लाइमेट चेन्जसँग जुध्न नयाँ नियम बाध्यकारी ठानिएको युरोपमा किसानहरू विद्रोही बनेका छन्। त्यो विद्रोह यतिखेर युरोपका सडकहरूमा किसानहरूले आफ्ना ठूला-ठूला ट्र्याक्टर र ट्रेलरहरू तेर्स्याएका मात्र छैनन् टायर बालेर सडक अबरुद्ध गरेर किसानहरूलाई सम्मान गर्न र कृषि कर्मलाई न्याय गर्न माग पनि गरिरहेका छन्।

स्पेनमा, किसानहरूले ब्रसेल्समा बनाइएको ‘निसासिंदो नोकरशाही’ किसान नीतिको बारेमा गुनासो गरेका छन् जसले बालीहरूको नाफा घटाउँछ। उता ग्रीसमा, किसानले २०२३ मा भएको बाढीमा नासिएको बालीको क्षति र पशुधनको लागि उच्च अनुदान र छिटो क्षतिपूर्तिको माग गरेका छन्।

बढ्दो डिजल इन्धन लागत

जर्मनी र फ्रान्समा, ईयूका सबैभन्दा ठूलो कृषि उत्पादक, किसानहरूले कृषि डिजलमा अनुदान वा कर छुट अन्त्य गर्ने योजनाको विरुद्धमा विरोध गरेका छन्। ग्रीसका किसानले डिजलमा लगाइएको कर कम गर्न अनुरोध गरेका छन्। रोमानियामा, मध्य जनवरीमा प्रदर्शनहरू मुख्यतया डिजलको उच्च मूल्यको विरुद्ध भएका थिए।फ्रान्समा, धेरै उत्पादकले खाद्य मुद्रास्फीतिलाई कम गर्न सरकारी अभियानले उनीहरूलाई ऊर्जा, मल र यातायातको उच्च लागतहरू पूरा गर्न असमर्थ भएको बताएका छन्।

भोक हटस्पटहरू

नोभेम्बर २०२३ देखि अप्रिल २०२४ को अवधिमा, खाद्य र संयुक्त राष्ट्रसंघको कृषि संगठन र विश्व खाद्य कार्यक्रमले प्रारम्भिक चेतावनी जारी गरेको छ। जस अनुसार विश्वका १८ भोक हटस्पटहरू, २ क्षेत्रीय क्लस्टर सहित कुल २२ देश वा क्षेत्रहरूमा तत्काल मानवीय कार्य सुरु गर्नुपर्ने जनाएका छन्। ती क्षेत्रमा तीव्र खाद्य असुरक्षाको पहिले नै उच्चस्तरको गिरावट देखिएकाले उनीहरूको जीविकोपार्जन जोखिममा देखिन्छ।

यस्ता भोक हटस्पटहरू, जनसंख्याको भागहरूले सम्भवतः महत्त्वपूर्ण खाद्य असुरक्षाको सामना गर्नेछन् ।

सबै १८ भोक हटस्पटहरूमा जीविकोपार्जन र जीवन बचाउन लक्षित मानवीय कार्य तत्काल आवश्यक छ। भोक र मृत्यु रोक्नको लागि बुर्किना फासो र मालीमा, प्यालेस्टाइन, दक्षिण सुडान र सुडानमा महत्वपूर्ण मानवीय कार्य भइरहेको छ।

२०२४ को प्रारम्भमा कृषि बजार सूचना प्रणाली बजार मनिटरका अनुसार, विश्वव्यापी कमोडिटी बजारले सापेक्ष स्थिरता कायम राखेको छ। गहुँ, मकै र भटमासको निर्यात मूल्य दुई वर्षयताकै न्यून विन्दुमा पुगेको छ, यद्यपि चामलको मूल्य उत्पादन कमी र भारतले लगाएको निर्यात प्रतिबन्धका कारण एक वर्ष अघिको तुलनामा झन्डै एकतिहाइ बढी भएको मानिन्छ।

सरकारहरू के गर्दैछन् ?

युरोपेली आयोगले गत महिनाको अन्त्यमा सबैभन्दा संवेदनशील उत्पादनहरू जस्तै कुखुरा, अण्डा र चिनीका लागि ‘आपतकालीन ब्रेक’ को परिचय दिएर युक्रेनबाट कृषि आयात सीमित गर्न प्रस्ताव गरेको थियो तर उत्पादकहरूले भने मात्रा अझै धेरै हुने बताएका छन्। आयोगले २०२४ का लागि ईयू किसानहरूलाई ईयू खेती समर्थन भुक्तानीहरू प्राप्त गर्दा उनीहरूको केही जमिन बाँझो राख्नको लागि आवश्यकताबाट छुट दिएको छ, तर तिनीहरूले यो अनुदान लिनका लागि कीटनाशक औषधिको प्रयोग नगरी बाली उब्जाउनुपर्नेछ। अर्गानिक खेतीलाई प्रोत्साहित गर्दै खाद्यान्नमा हुने रासायनिक मात्रालाई नियमन गर्नुपर्ने जनस्वास्थ्यको, कार्बन उत्सर्जनको र नवीकरणीय ऊर्जाको प्रयोग यतिखेर चुनौतीको विषय भएको छ संसारभरि।

फ्रान्सेली युवा प्रधानमन्त्री गेब्रियल एटलले आयातित खाद्य पदार्थहरूमा फ्रान्स वा ईयूमा प्रतिबन्धित कीटनाशकहरूको परीक्षण नभएको र किसानहरूलाई उच्च मूल्य प्राप्त गर्न र कर्मचारीतन्त्र र नियमनलाई कसरी सरल बनाउन सकिन्छ भन्ने उपायहरू र खाद्य नियन्त्रणका लागि सुगम तरिकाहरूको घोषणा गरेका छन्। पेरिस र बर्लिन दुवै दबाबमा नरम भएका छन् र कृषि डिजलमा अनुदान वा कर छुटहरू अन्त्य गर्ने योजनाहरूमा पछाडि फर्केका छन्।

रोमानियामा, सरकारले डिजल अनुदान बढाउन, बीमा दरहरू सम्बोधन गर्न र अनुदान भुक्तानीलाई छिटो बनाउन कार्य गरेको छ। पोर्चुगलमा कार्यवाहक सरकारले लामो समयदेखि चलिरहेको खडेरीको प्रभावलाई कम गर्न २० करोड युरो सहित ५० करोड युरोको आपतकालीन सहायता प्याकेज घोषणा गरेको छ।

दुःखको कुरा नेपालका सरकार हरूको प्राथमिकता किसानहरू होइनन् झापाका धानबारीमा १८ तले भ्युटावर, चितवनमा भएको कृषि विश्वविद्यालयलाई लखेटेर विद्यार्थीहरूले कृषि अनुसन्धानमा लगाइएको जग्गामा क्रिकेट रंगशाला बनाउनेदेखि पवित्र नारायणी किनारमा सी बीच मोडेलको कंक्रिट साम्राज्य खडा गर्नुमा छ।

माथिको तालिकामा कृषि नीतिका असर, नीतिका साधन र तिनलाई मापन गर्ने इन्डिकेटर हरूलाई कसरी कृषिको विकास र अनुसन्धानमा लगाउने, कृषकलाई कसरी सहुलियत प्रदान गर्दै कृषिलाई एउटा मर्यादित व्यवसायमा रूपान्तरण गर्ने भन्ने कुरालाई प्रष्ट्याइएको छ।

नेपालले सिक्नुपर्ने पाठ

भारत सरकारले आफ्ना किसानलाई प्रदान गर्ने अनेकौं कृषि नीति र सहुलियतकै कारण किसानले सस्तोमा उत्पादन गर्न सकेका हुन् ।

विश्वका त्यस्ता सफल किसानमैत्री नीति तथा कार्ययोजनाहरू नेपाल सरकारले तुरुन्त अवलम्बन गर्नुपर्दछ। भारतमा किसानलाई राम्रो सिंचाइको व्यवस्था, बीउ, रासायनिक मल, कृषि उपकरण खरिदमा कर छुट, कृषि उत्पादनको बजारीकरणमा उचित प्रबन्ध, विदेश आयातमा सुविधा जस्ता सुधारहरूकै प्रतिफल नेपालसम्म आउने तरकारी, कृषिजन्य उत्पादन सस्तोमा आइपुगेका हुन्।

यसका लागि राज्यले आफ्नो कुल गार्हस्थ्य उत्पादनको २ प्रतिशत खर्च गर्दोरहेछ जुन किसानको उत्पादन लागतको २१ प्रतिशत हुनआउँछ। हामीसँग यस्तो तथ्याङ्क छ कि छैन ? नेपालले यस्ता विश्वका नमूना नीतिहरूबाट पाठ सिक्दै बिचौलिया र ठूला पूँजीपतिलाई फाइदा हुने गरी होइन, बीपी कोइरालाले भन्ने गरे झैं भुइँमान्छे, दुखित भूमिपुत्र, सोझा किसानहरूलाई सम्झेर नीतिहरू बनाउनुपर्छ।

के हाम्रा पार्टीहरू कृषि नीति, ऊर्जा नीति, शिक्षा नीतिका बारेमा भुइँमान्छेका आवाजहरू मुखरित हुने गरी नीति मन्थन गर्न तयार छन् त ? किसानका वास्तविक समस्याप्रति संवेदनशील छन् त ? उखु र दूधको पैसा नपाएर देशको राजधानी धाउनुपर्ने बाध्यताको अन्त्य कहिले होला ?

# तयारी खानेकुरा : स्वास्थ्यमा असर



डा अरुणा उप्रेती

दश वर्षपहिले नै पत्रिकाहरुमा स्वास्थ्यका बारेमा एउटा महत्वपूर्ण समाचार छापियो । ‘बजारी खानेकुरा स्वास्थ्यलाई घातक’ भनेर यस्ता खानेकुराले मोटोपन बढाउने र क्यान्सर गराउन सक्ने भनेर समाचार दिइएको थियो । क्यान्सर रोगका बारेमा लामो समय काम गर्दै आएका डाक्टरहरुले यो विषयमा बोलेका थिए तर विभिन्न सञ्चारमाध्यमले यो समाचार त्यति महत्वका साथ प्रचारप्रसार गरेनन् । यस्ता तयारी बजारका खानेकुरामा विभिन्न किसिमका चाउचाउ, पिज्जा, बर्गर जस्ता आकर्षक देखिने खानेकुराहरु पर्छन् ।

जतिबेला पत्रिकामा यो खबर निस्किएको थियो, त्यस समाचारको फेटोकपी नक्साल नजिकैको एकजना चौधरी भाइको पसलमा कसैले छाडेको रहेछ । त्यही बेलामा ती चौधरी भाइको सानो नानीलाई उनकी आमाले स्कूल जाने बेलामा स्कूलको टिफिनमा “खानेकुरा बनाउन भ्याएन, यही नै लैजाउ” भनेर एक चाउचाउ हालिरहेकी ती महिलालाई त्यो फोटोकपी एकप्रति दिइयो । उनले कनिकुथी गरेर पढिन् र ‘क्यान्सर’ शब्द पढेपछि त उनी छोरालाई हेर्न थालिन् । अनुहार अँध्यारो भयो तर छोराबाट उनको खाजा चाउचाउ लिन सकिनन् । “आजलाई भयो, अब के गरुँ त मान्दैन,” उनले भनिन् ।

घरपरिवारका मानिसले प्रायः आजको भोलि नै कुनै समस्या नहुने भएकाले यसरी खाना खाँदैमा केही खराबी हुँदैन भन्ने ठान्छन् तर जसरी चुरोट र रक्सीले आजको भोलि नै नराम्रो प्रभाव पार्दैन, त्यसैगरी यसरी खाइने पिज्जा, बर्गर, चाउचाउले पनि एकै दिनमा नराम्रो प्रभाव पार्दैन । चुरोट र रक्सी चाहिँ बच्चाले माग्यो वा झगडा गऱ्यो भनेर कुनै पनि आमाबाबुले बालबालिकालाई दिँदैन भने यसरी तयारी खानेकुरा मात्रै दिने किन होला ? भन्ने प्रसङ्ग उठ्छ नै ।

यस विषयमा झण्डै २५ वर्षअघि रजनी जोशीले आफ्नो स्नातकोत्तरको शोधपत्रमा यस्तै विषयमा अध्ययन गरेकी थिइन् । प्रायः महिलाले यो स्वास्थ्यकर हुन्छ भनेर विज्ञापन आउँछ त्यसैले राम्रो होला भनेर दिएको वा समय नभएकाले किनेर प्याकेटमा दिएपछि भइहाल्ने भनेर वा बच्चालाई एकदम मनपर्छ र बच्चाले खान्छु भनेर, झगडा गर्छ, अरूले खाएको देखेपछि उसलाई खान मन लाग्छ अनि कसरी नदिने ? आदिजस्ता उत्तर आएका थिए । अहिले पनि आमाबाबुलाई सोध्यो भने त्यसैगरी उत्तर आउँछ होला र अहिले त्यसमा सित्तैमा उपहार पाइने भनेर जोडिएपछि बालबालिकाहरु झन् होमिएर किन्छन् र उनीहरुको खाजा, खाना सबै त्यही बन्छ ।

यस्ता खानेकुराहरुले मोटोपन र क्यान्सर दुईवटै असर गर्छन् र मोटोपन फेरि आफैँमा अनेकथरिका समस्या सृजना गर्न सक्छ । सानो उमेरको माटोपन भएकाहरुको पछि मुटुको रोग, चिनी रोग आदिजस्ता समस्या त हुन्छन् नै । मोटोपन कारणले गर्दा पछि ढाड र घुँडा दुख्ने समस्या आउँछ । यसका साथै यस्ता तयारी चाउचाउहरुको खानाका कारणले हरियो तरकारी, भात, रोटी, दालजस्ता पोषणयुक्त खानेकुरा खान त्यति मन लाग्दैन । अनि त्यसपछि विभिन्न किसिमका भिटामिनहरुको कमी हुन जान्छ । यस्ता तयारी खानेकुराहरुको विषयमा र त्यसले पर्ने नकारात्मक असरहरुका बारेमा बालरोग विशेषज्ञहरुले लेख्दै आउनुभएको छ ।

टेलिभिजन, रेडियोहरुमा जसरी पैसा तिरेर यस्ता खानेकुराहरुका बारेमा विज्ञापन आउँछ, त्यसैगरी स्वास्थ्यका खानेकुराका बारेमा कतै विज्ञापन आउँदैन । नेपालका डाक्टरहरुले मात्र होइन, विश्वभरिका डाक्टर हरुले बच्चाहरुले खाने तयारी खानेकुराको विज्ञापन र त्यसको विरोधमा बोलिरहेका छन् । तयारी खानेकुरामा रहेको नुन, बोसो, चिनी आदिले बच्चाहरुलाई सानैदेखि अस्वस्थ्यकर खानेकुरा र क्यान्सरका लागि जग बस्छ भनेर लेखेका छन् ।

अष्ट्रेलियाको क्यान्सर परिषद्का एकजना सदस्य डा टेरी स्लेमिनले भनेका छन्, “विभिन्न किसिमका विज्ञापनहरुमा बालबालिका प्रयोग गरेपछि बालबालिकाले त्यस्ता खानेकुरा चाहन्छन् । बच्चाहरुलाई यस्तो बानी परेपछि उनीहरुको जीवन नै आवश्यक हुन्छ । अष्ट्रेलियाको क्यान्सर परिषद्ले त्यहाँको सरकारलाई यसरी विभिन्न किसिमका प्याकेटका तयारी खानेकुराको विज्ञापनमा जथाभावी बालबालिकालाई प्रयोग नगर्नका लागि नियम बनाउन आग्रह गर्नेछ ता कि यस्ता खानेकुराहरुको प्रयोगले भविष्यमा हुने क्यान्सर बच्चालाई नलागोस् ।

यसरी तयारी खानेकुराहरुले बालबालिका र वयस्कलाई पनि क्यान्सरको खतरा निम्त्याउँछ । यसरी तयारी र प्याकेटमा राखेका खानेकुराहरुले महिलाको शरीरका चिनीको मात्र बढाउँछ । तौल बढाउँछ र स्तन क्यान्सर, पाठेघर क्यान्सर र मूत्रनलीको क्यान्सरको सम्भावना बढाउँछ । त्यस्ता तयारी खानेकुराहरुमा मैदा, बोसो र रासायनिक पदार्थ मिसिएको हुनाले यस्ता समस्या देखिन्छन् । ६५ हजार महिलामा १३ वर्षसम्म गरिएको अध्ययनअनुसार दुई हजार चार सय ७८ जना महिलाको महिनावारी रोकिएपछि पनि यस्ता खानेकुराहरुको प्रयोगले स्तनको क्यान्सरको खतरा बढाउन सक्छ । एक लाख ८८ हजार रजोनिवृत्ति भएका महिलालाई सोधिएको प्रश्नमा उनीहरुले कस्तो किसिमको खाना खान्छन् ? के ख्वाइन्छ भनेर अध्ययन गरिएको थिया । तीमध्ये जो महिलाले यसरी तयारी प्याकेटका खानेकुराहरु खाएको कुरा बताए । उनीहरुमध्ये ३५ हजारलाई स्तन क्यान्सर भएको देखियो । “यी अध्ययनले खानेकुरामा बढी चिल्लो पदार्थ स्तन क्यान्सरसँग सम्बन्ध रहेको देखाइएको छ” भनेर डा आन्ना तेहीबाउट (ब्रिटेनले) लेखेकी छिन् ।

बालबालिकालाई यस्तो खाना खान हुँदैन भनेर स्कूलमा शिक्षकले वा घरमा आमाबाबुले भन्दैनन् । कतिपयलाई त यस्ता खानेकुराहरुको खाए नराम्रो के हुन्छ र भन्ने धारणा हुन्छ । त्यही आमाबाबुले चुरोट खाने बालबालिका गाली गर्छन्, सम्झाउँछन् तर तयारी खानेकुरा, प्याकेटका चाउचाउ, विभिन्न किसिमका चिजबल्स र आदि खान उल्टै पैसा दिन्छन् । आमाबाबुलाई पनि यस्ता खानेकुराले पछि जीवनभरको रोग निम्ताउँछ भन्ने थाहा हुँदैन । “बालबलिकालाई हात धोएर खान खाउ नत्र बिरामी भइन्छ” भन्ने आमबाबुले “प्याकेटका खानेकुरा नखाउ, बिरामी भइन्छ भन्दैनन” किनभने उनीहरुलाई यसको बारेमा कसैले पनि जानकारी दिएको छैन ।

> केही दिनअघि काठमाडौँमा माइक्रोबसमा चढेको बेलामा १२ कक्षामा अध्ययरत दुई किशोरीले दुईवटा चाउचाउ खाइरहेको देखेर मैले उनीहरुलाई १० वर्षअघि ‘तयारी खानेकुरा घातक’ भनेर लेखिएको समाचारको फोटोकपीको एकप्रति दिएँ । चाउचाउले क्यान्सर पनि हुन्छ भन्ने त थाहा थिएन भन्दै आँखाभरि आँसु गरेर एक किशोरीले खाँदै गरेको चाउचाउको प्याकेट झोलामा राखिन् ।

क्यान्सर त एउटा समस्या भयो, त्यसैगरी हड्डीहरु कमजोर हुनु, मुटुका अरू रोगहरु हुनु पनि खानेकुरासँग जोडिएका छन् । सानोको जग नै गलत बसेपछि, शरीर सानैदेखि कमजोर हुन्छ र ठूलो भएपछि अनेक थरिका रोगहरु हुन थाल्छन् । यदि साना साना नानीहरुलाई उनीहरुले बुझ्ने भाषामा यस्ता खानेकुराहरुले विगार गर्छन् भनेर बुझाइयो र छलफल गरियो भने समस्या केही हुँदैनन् । अमेरिकामा ३० प्रतिशत बच्चाहरु र ६० प्रतिशत बयस्कहरुमा मोटोपन रहेको पाइन्छ । यसको मुख्य कारण नै प्याकेटका खानेकुराहरु हुन् र यसले गर्दा प्रतिवर्ष १७१ विलियन डलर सरकारले खर्च गर्नुपर्छ ।

प्याकेटमा राखेका खानेकुराहरुको स्वाद बढाउने कुरा नै विभिन्न किसिमका रासायनिक पदार्थ र चिल्लो पदार्थ हुन् । यिनले खानेकुरा प्याकमा राखेपछि लामो समय बिग्रन दिँदैन । त्यसैले प्याकेटमा भएका खानेकुरा सधैँ ताजा जस्तै त देखिन्छन् तर वास्तवमा यी हानिकारक नै हुन्छन् । मलेसियामा उपभोक्ता सङ्घ आफैँले एक अध्ययन गरेर बताएको छ । सङ्घले २००८ मा अप्रिल देखि जुनमा नेपाल, फिजी, सिङ्गापुर, भारत, चाइना, थाइल्यान्ड र इन्डोनेसियामा एक अध्ययन गरेको थियो । यस्ता खानेकुराहरुको प्रयोगले हाम्रा बालबालिक मानौँ बमको अदृश्य गोलामा बसिरहेका छन् । यस्ता विज्ञापनहरु विभिन्न स्कूलमा गएर खिचिन्छ, बालबालिकालाई लोभ्याइएका र फेरि उनीहरुलाई नै यस्ता प्याकेटका खानेकुरा खान दिएर बालबालिकाको पढाइस्तर कमजोर देखियो ।

तयारी खानाले बालबालिकाको शारीरिक र मानसिक दुवै रुपमा कमजोर बनाउने हुँदा यसतर्फ सबैको ध्यान जानु आवश्यक छ । बालबालिकाले तयारी खाना खाँदा उनीहरुलाई रोग हुने कारणले यस्तो बानीका लागि विभिन्न किसिमका विज्ञापनले प्रेरित गर्ने र बालबीलकाले खाएको देखेर विज्ञापनको नक्कल गर्ने हुनाले अष्ट्रेलियाको चिकित्सक सङ्घले यसरी खानेकुराको विज्ञापन गर्न नै प्रतिबन्ध लगाउन माग गरेको छ । यसरी अन्य देशका डाक्टरहरुले बालबालिकाको स्वास्थ्यका लागि आवाज उठाइरहेका बेलामा नेपाली चिकित्सकहरु र स्वास्थ्यकर्मीले पनि आवाज उठाउनुपर्ने देखिन्छ । केही दिनअघि काठमाडौँमा माइक्रोबसमा चढेको बेलामा १२ कक्षामा अध्ययरत दुई किशोरीले दुईवटा चाउचाउ खाइरहेको देखेर मैले उनीहरुलाई १० वर्षअघि ‘तयारी खानेकुरा घातक’ भनेर लेखिएको समाचारको फोटोकपीको एकप्रति दिएँ । चाउचाउले क्यान्सर पनि हुन्छ भन्ने त थाहा थिएन भन्दै आँखाभरि आँसु गरेर एक किशोरीले खाँदै गरेको चाउचाउको प्याकेट झोलामा राखिन् । माइक्रोमा बसेका अन्य यात्रुले पनि भने यो त खराब कुरा हो तर यस्तो वस्तुको नराम्रो असरका बारेमा बाहिर ल्याउन आवश्यक छ । साँच्ची नै यसका बारेमा धेरै जनालाई जानकारी पनि छैन । जबसम्म यसबारेमा नागरिक स्तरमा सचेतना बढाउन सकिँदैन तबसम्म क्यान्सलगायत रोगहरुको सङ्क्रमण झन् बढ्दै जाने निश्चित छ । (लेखक जनस्वास्थ्यविद् हुनुहुन्छ)

# सुदूरपश्चिममा दुई मन्त्री र एक राज्यमन्त्री पदमुक्त



टुडे समाचारदाता

सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेश सरकारका दुई मन्त्री र एक राज्यमन्त्री पदमुक्त भएका छन् । मुख्यमन्त्री कमलबहादुर शाहको सिफारिसमा प्रदेश प्रमुख देवराज जोशीले उनीहरुलाई पदमुक्त गरेका हुन् ।

पदमुक्त हुनेमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)बाट सरकारमा सहभागी सामाजिक विकासमन्त्री झपटबहादुर साउद, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रमेशसिंह धामी र उद्योग, पर्यटन तथा वातावरण राज्यमन्त्री गीतादेवी माल छन् ।

साथै मन्त्रीद्वय साउद र धामीले सम्हाल्दै आएको मन्त्रालय मुख्यमन्त्री शाहले आफू मातहत राखेका छन् ।

मुख्यमन्त्री शाहले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार आयोजित पत्रकार सम्मेलनमा सरकारका दुई मन्त्री र एक राज्यमन्त्रीलाई पदमुक्त गरिएको जानकारी दिए । उनले भने, "केन्द्रमा सत्तासमीकरण फेरिएपछि प्रदेश सरकारमा मन्त्री हेरफेर गर्नुपरेको हो, प्रदेशको विकास र समृद्धिका लागि म सबै दलसँग वार्ता, संवाद सहमतिका लागि खुला छु ।"

# सत्ता गठबन्धनलाई बामदेवको समर्थन



टुडे समाचारदाता

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी राष्ट्रिय एकता अभियानका अध्यक्ष बामदेव गौतमले सोमबार निर्माण भएको नयाँ सत्ता गठबन्धनको समर्थन जनाएका छन् । उनले मंगलबार विज्ञप्ति प्रकाशन गरी अहिलेको नयाँ सत्ता गठबन्धनले सही राजनीतिक दिशा लिएको भन्दै समर्थन गरेका हुन् ।

सोमबार नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टीको नयाँ सत्ता समीकरण बनेको छ ।

नेता गौतमले २०७७ सालमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन गर्नु एउटा भूल थियो भन्ने कुरा नयाँ सत्ता समीकरणले पुष्टि गरेको पनि सो विज्ञप्तिमा उल्लेख गरेका छन् ।

उनले यो सत्ता समीकरणबाट सत्तास्वाद लिन जे पनि गर्ने प्रवृत्तिको अन्त्य हुने र अब वास्तविक राजनीतिक प्रतिस्पर्धामा जनता खुसी भएर सामेल हुने अपेक्षा गरिएको पनि विज्ञप्तिमा जनाएका छन् ।

एमालेका पूर्वउपाध्यक्ष नेता गौतम नेकपा विभाजनपछि कुनै पार्टीमा संलग्न नरही बाम एकताको अभियानमा लागेका छन् । उनी हाल राष्ट्रियसभाका सदस्य छन् ।

# कर्णाली प्रदेश सरकार कांग्रेसका तीन मन्त्रीले दिए राजीनामा



टुडे समाचारदाता

कर्णाली । कर्णाली प्रदेश सरकारका कांग्रेसका तीन मन्त्रीले राजीनामा दिएका छन् । आर्थिक मामिला तथा योजनामन्त्री बेदराज सिंह, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री कृष्णबहादुर बिसी र सामाजिक विकासमन्त्री खड्गबहादुर पोखरेलले मंगलबार मुख्यमन्त्री राजकुमार शर्मासमक्ष संयुक्तरुपमा राजीनामा बुझाएका हुन् ।

राजनीमा बुझाउनुअघि उनीहरुले पत्रकार सम्मेलन गरेका थिए । सो अवसरमा आर्थिक मामिला तथा योजनामन्त्री सिंहले मुलुको बदलिँदो राजनीति परिवेश र प्रदेश सरकार पुनःगठनमा सहज पुगोस् भन्ने उद्देश्यले राजीनामा दिइएको बताए । "काम गर्ने चाहना थियो तर नयाँ परिस्थितिका कारण बाहिरिनु परेको छ", उनले भने । सो अवसरमा उनीहरुले आफ्नो कार्यकालको उपलब्धि पनि सार्वजनिक गरे । उनीहरुले प्रदेश सरकारमा मन्त्रीका रुपमा १० महिना १५ दिन काम गरे ।

# गण्डकी प्रदेश सरकारका दुई मन्त्री बर्खास्त




टुडे समाचारदाता

गण्डकी । गण्डकी प्रदेश सरकारका दुई मन्त्री बर्खास्त भएका छन् । मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)बाट सरकारमा सहभागी बनेका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री सुशीला सिम्खडा र भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीलाई बर्खास्त गरेका हुन् ।

मन्त्रीद्वयले सम्हाल्दै आएको मन्त्रालयको जिम्मेवारी मुख्यमन्त्रीले आफैँ मातहत राखेका छन् । प्रदेश प्रमुखको कार्यालयले विज्ञप्ति जारी गर्दै मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुख पृथ्वीमान गुरुङले नेपालको संविधानको धारा, १६८ को उपधारा ९ अनुसार मन्त्रिपरिषद्को गठन गरी कार्यविभाजन गरेको उल्लेख गरेको छ ।

सूचना अधिकारी प्रमिला गौतमले जारी गर्नुभएको विज्ञप्तिमा कार्यविभाजनअनुसार मुख्यमन्त्री पाण्डेलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, भौतिक पूर्वाधार विकास तथा याताय व्यवस्था मन्त्रालयको जिम्मेवारी तोकिएको छ । सरस्वती अर्याल (तिवारी) लाई ऊर्जा, जलस्रोत, तथा खानेपानी मन्त्रालय, महेन्द्रध्वज जिसीलाई कृषि तथा भूमि व्यवस्था मन्त्रालय, जितप्रकाश आले मगरलाई आर्थिक मामिला मन्त्रालय र दीपेन्द्रबहादुर थापालाई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको मन्त्रीको जिम्मेवारी तोकिएको प्रदेश प्रमुखको कार्यालयले जनाएको छ ।केन्द्रमा सत्ता समीकरण परिवर्तन भएसँगै त्यसको असर प्रदेशमा देखिन थालेको हो । केन्द्रमा यसअघि नेपाली कांग्रेस, माओवादी केन्द्रसहितको सत्ता समीकरण फेरिएर सोमबार माओवादी केन्द्र, नेकपा (एमाले) सहितको नयाँ गठबन्धन भई सानो आकारको मन्त्रिमण्डल गठन भइसकेको छ ।

**प्रदेश प्रमुखको कार्यालयले विज्ञप्ति जारी गर्दै मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुख पृथ्वीमान गुरुङले नेपालको संविधानको धारा, १६८ को उपधारा ९ अनुसार मन्त्रिपरिषद्को गठन गरी कार्यविभाजन गरेको उल्लेख गरेको छ ।**

# मन्त्री टुङ्ग्याउन छलफलमा व्यस्त मधेस केन्द्रित दल



टुडे समाचारदाता

काठमाण्डु । सरकारमा सहभागी हुने मन्त्रीको नाम टुङ्ग्याउनेलगायत मुलुकको समसामयिक परिस्थितिबारे समीक्षा गर्न मधेस केन्द्रित राजनीतिक दलहरु छलफलमा जुटेका छन् ।

जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र जनमत पार्टी नयाँ परिस्थितिमा पार्टीको आगामी रणनीति बनाउन बैठक र परामर्शमा केन्द्रित भएका हुन् । जनमत पार्टीको सचिवालय बैठक भर्खरै सुरु भएको छभने जसपाको कार्यकारिणी समिति बैठक बुधबार बिहान ८ बजे बोलाइएको छ ।

उक्त बैठकले सरकारमा सहभागी मन्त्रीको नाम टुङ्गो लगाउने जसपाका प्रवक्ता मनिस सुमनले जानकारी दिए । उनले भने, "मंगलबार दिउँसो ३ बजे गठबन्धनको बैठक बसेको थियो । बुधबार बिहान ८ बजे जसपा कार्यकारिणी समितिको बैठकले आफ्नातर्फबाट सहभागी हुने मन्त्रीको निर्णय गर्नेछ ।"नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी र जनता समाजवादी पार्टी नेपालबीच नयाँ सहकार्यका आठ बुँदामा सोमबार सम्बन्धित पार्टीका अध्यक्षहरुले हस्ताक्षर गरेका थिए ।

यता जनमत पार्टीले पनि गठबन्धन सरकारलाई दिएको समर्थनलाई निरन्तरता दिएकाले नयाँ परिस्थितिमा पार्टीको रणनीति के हुने भन्नेबारे आधिकारिक धारणा तय गर्ने सो पार्टीका प्रवक्ता डा शरदसिंह यादवले बताए । "पार्टीको सचिवालय बैठक हिजो मंगलबार जारी रहेको । अहिलेको राजनीतिक घटनाक्रमको समीक्षा गर्दै, गठबन्धनको निरन्तर र पार्टीको अडानका बारेमा बैठकमा छलफल भइरहेको जानकारी दिए ।

उनले मधेस प्रदेशमा मुख्यमन्त्रीलगायत विषयमा निचोड निकालेर सरकारमा सहभागी हुने/ नहुनेबारे पार्टीले मंगलबारै निर्णय गर्ने जानकारी दिए ।

यसैबीच, लोसपा पनि नयाँ परिस्थितिमा कसरी अगाडि बढ्ने भन्नेबारे पार्टीको धारणा बनाउन छलफलमा जुटेको छ । मंगलबार पनि बबरमहलस्थित पार्टी केन्द्रीय कार्यालयमा अध्यक्ष महन्थ ठाकुरसहित शीर्षनेताहरुको बैठक बसेर निर्णय लिने सो पार्टीका महासचिव डा सुरेन्द्र यादवले बताए ।

उनका अनुसार मंगलबार बिहान प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'सँग लोसपाका अध्यक्ष ठाकुरले भेटवार्ता गरेका छन् । उनीहरुबीच मुलुकको समसामयिक परिस्थतबारे कुराकानी भएको थियो ।

"प्रधानमन्त्री दाहालले यही गठबन्धन सरकारमा सामेल भएर सहयोग गर्न आग्रह गरेका छन्, लोसपा अध्यक्ष ठाकुरले यस विषयमा पार्टीमा छलफल गरी निर्णय लिने जवाफ दिएका थिए", अध्यक्ष ठाकुरलाई उद्धृत गरी महासचिव झाले भने ।

# राजनीति र धर्म दुवैको लक्ष्य मानव सेवा हो : मुख्यमन्त्री शर्मा

टुडे समाचारदाता

काठमाण्डु । कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री राजकुमार शर्माले राजनीति र धर्म दुवैको लक्ष्य मानव सेवा भएको बताएका छन् ।

द्धिपेश्वर धार्मिक तथा पर्यटकीय विकास संस्था चौकुने गाउँपालिका-९ सुर्खेतद्वारा मंगलबार आयोजित 'द्धिपेश्वर धार्मिक पर्यटन, ज्ञान महायज्ञ एवं धार्मिक महामहोत्सव' शुभारम्भ गर्दै उनले राजनीति र धर्म फरक देखिए पनि मर्म एउटै रहेको बताए । उनले भने, "समाजमा रहेका अन्याय, अत्याचार, कुरीति, कुसंस्कार र विभेद अन्त्य गरेर मानव सेवा गर्नु नै राजनीति र धर्मको लक्ष्य हुनुपर्दछ ।"

धार्मिक र प्राकृतिक पर्यटनको प्रचुर सम्भावना रहेको कर्णाली प्रदेशमा आन्तरिक र बाह्य पर्यटक आर्कषणका लागि आवश्यक पूर्वाधार निर्माणलाई जोड दिएको बताउँदै मुख्यमन्त्री शर्माले भने, "कैलाश मानसरोवरलाई गन्तव्य बनाउनेगरी सर्किट तयार गनुर्पछ । कर्णाली प्रदेशका विभिन्न धार्मिक र प्राकृतिक पर्यटकीयस्थल हाम्रा सम्पदा हुन् । पयर्टन समृद्धिको माध्यम हो ।" मानिसलाई आर्थिक सम्पन्नताले सुख र सामाजिक न्यायले खुसी तुल्याउने भएकाले त्यो अवस्था निर्माणमा सरकार लागेको उनको भनाइ थियो ।

फरक प्रसङ्गमा उनले भने, "सरकार फेरबदल भइरहने प्रणालीबारे समयमै सोचेर जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रप्रमुख र पूर्णसमानुपातिक निर्वाचन प्रणाली अवलम्बन हुनसकेमात्र राजनीतिक स्थिरता कायम हुन्छ । अब दलहरूको बहस यता केन्द्रित हुन जरुरी छ ।"

महायज्ञमा सांसद हृदयराम थानी, सांसद नरबहादुर विष्ट, कर्णाली प्रदेशसभा सदस्य विन्दमान विष्टलगायतले मानव जीवनलाई अनुशासित र नैतिक मूल्य, मान्यताका बारेमा ज्ञान दिने कार्यक्रमले समाजलाई सभ्य एवं सुसंस्कृत बनाउने धारणा व्यक्त गरेका थिए ।

# कांग्रेसले संसद्मा सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्ने

काठमाण्डु । नेपाली कांग्रेसले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ ।

साथै पार्टीले संसद्मा सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्ने निर्णय लिएको छ ।

पार्टी सभापति शेरबहादुर देउवाको निवास बूढानीलकण्ठमा मंगलबार बसेको कांग्रेस केन्द्रीय कार्यसम्पादन समितिको बैठकले उक्त निर्णय गरेको महामन्त्री विश्वप्रकाश शर्माले जानकारी दिनुभयो ।

बैठकले २०७९ मङ्सिर ४ गते सम्पन्न आमनिर्वाचनमा साझा ढङ्गले गरिएका वाचा र निर्वाचनमार्फत मतदाताले दिएको कार्यादेशप्रति कांग्रेस प्रतिबद्ध रहेको तर त्यो कार्यादेशलाई बेवास्ता गर्दै प्रधानमन्त्री दाहालले अविश्वसनीयरुपमा अन्य राजनीतिक दलसँग सहकार्य गर्ने निर्णय गरेपछि त्यसप्रति असहमति जनाउँदै समर्थन फिर्ता लिएको उहाँले बताउनुभयो ।

संविधानको रक्षा र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्दै सुधारोन्मुख अर्थतन्त्रलाई गति प्रदान गर्दै नागरिक पङ्क्तिमा नवीन आशा जगाएर अघि बढ्नुपर्ने समयमा गठबन्धन नियोजित ढङ्गले भत्काइएको निष्कर्ष बैठकले निकालेको महामन्त्री शर्माले जानकारी दिनुभयो ।

प्रधानमन्त्री दाहालको यो कदमले अन्योल र अस्थिरतालाई बढावा दिएको कांग्रेसको ठम्म्याइ छ ।

बैठकले यो घटनालाई गम्भीर ढङ्गले लिँदै संसद्मा प्रतिपक्षको भूमिका सशक्तरुपमा निर्वाह गर्ने निर्णय गरेको छ ।बैठकले स्वदेश र विदेशमा रहेका कांग्रसका सदस्य, समर्थक र शुभचिन्तकहरुलाई बदलिएको परिस्थितिमा एकताबद्ध भएर देश र नेपाली नागरिकप्रतिको आफ्नो जिम्मेवारी निर्वाह गर्दै सङ्गठनमा समर्पित हुन अपिल गरेको छ ।रासस


## Madhesh Agricultural University
## मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा.-३, सप्तरी, मधेश प्रदेश, नेपाल

**दोस्रो पटक प्रकाशन मिति २०८०/११/२३**

शिक्षक भर्ना सम्बन्धी सूचना

यस विश्वविद्यालयद्वारा मिति २०८०/०७/२४ मा करार सेवामा शिक्षक भर्ना सम्बन्धी सूचना प्रकाशित भए अनुसार उपप्राध्यापक पदमा Plant Pathology, Soil Science र Entomology विषयमा पर्याप्त संख्यामा आवेदन नपरेकोले उक्त पदहरुमा पुनः विज्ञापन र विश्वविद्यालयमा Plant Science समुहका प्राध्यापक रिक्त भएकोले तपसिल अनुसारका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र रु. १,५००।-आवेदन दस्तुर बुझाएको प्रमाण, विस्तृत वायोडाटा, नेपाली नागरिक, शैक्षिक योग्यता र अनुभवको प्रमाण पत्र Scan गरी mausaptari@gmail.com मा रित पूर्वक दरखास्त पेश गर्नुहुन सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | प्राध्यापक/उपप्राध्यापक | संख्या | शैक्षिक योग्यता | अनुभवबर्ष | उमेर हद |
|---|---|---|---|---|---|
| १ | Plant Science | १ | Agronomy/Soil Science/Genetics & Plant breeding/Horticulture/ Plant Pathology /Entomology/ Biotechnology/ Agri. economics /Agri. Extension विषयमा विद्यावारिधि गरेका | सह-प्राध्यापक/प्राध्यापक पदवाट सेवानिबृत | ६७वर्ष |
| २ | Plant pathology | १ | Plant Pathology विषयमा कम्तीमा स्नाकोत्तर (विद्यावारिधिलाई ग्राहयता) | प्राध्यापन/अनुसन्धान/प्रसार सेवाको क्षेत्रमा ३ वर्ष अनुभव | ५५ वर्ष |
| ३ | Soil Science | १ | Soil Science/ Soil Science & Soil Chemistry विषयमा कम्तीमा स्नाकोत्तर (विद्यावारिधिलाई ग्राहयता) | प्राध्यापन/अनुसन्धान/प्रसार सेवाको क्षेत्रमा ३ वर्ष अनुभव | ५५ वर्ष |
| ४ | Entomology | १ | Entomology विषयमा कम्तीमा स्नाकोत्तर (विद्यावारिधिलाई ग्राहयता) | प्राध्यापन/अनुसन्धान/प्रसार सेवाको क्षेत्रमा ३ वर्ष अनुभव | ५५ वर्ष |

१. परीक्षाको किसिम र समय : क्र.स. १ को हकमाआवेदनसँगै पेश गरेको मधेशको कृषि विकासमा मधेश कृषि विश्वविद्यालयको भूमिका सम्बन्धमा Vision Paper मा प्रस्तुती र अन्तवार्ता र २ देखि ४ हकमा लिखित, विषयगत प्रस्तुती र अन्तवार्ता र परीक्षा तथाअन्तवार्ताको मिति र समय म्याद सकेपछि तोकिने छ ।

२. आवेदन दस्तुर मधेश कृषि विश्वविद्यालयको नाममा प्रभु वैंक लि.राजविराज, सप्तरीको खाता नं. ०६९०१५४२१८७०००१२ मा जम्मा गरेको भौचर वा प्रमाण निवेदन साथ संलग्नगर्नु पर्ने छ । विस्तृत जानकारी www.mau.edu.np मा हेर्नु पर्ने छ ।

रजिष्ट्रार


# सैन्य अभ्यासले परिणाम भोग्नुपर्ने प्योङ्याङको चेतावनी

एएफपी

सोल । उत्तर कोरियाले मङ्गलबार यसै साता वासिङ्टन र सोलले सुरु गरेको ठूलो मात्राको सैन्य अभ्यासले 'महँगो मूल्य' तिर्नुपर्ने बताएको छ । साथै उसले दुवै सहयोगीलाई 'उत्तेजित युद्धाभ्यास' बन्द गर्न आग्रह गरेको छ ।

यसै वर्ष प्योङ्याङले दक्षिण कोरियालाई आफ्नो 'प्रमुख शत्रु' घोषणा गरेको छ । साथै पुनरमिलन तथा पहुँचका लागि समर्पित एजेन्सीहरूलाई अलग गरेको छ र 'शून्य दशमलव ००१ मिलिमिटर' सम्म पनि क्षेत्रीय उल्लङ्घन भए युद्धको धम्की दिएको छ ।

वासिङ्टन र सोलले प्योङ्याङबाट लगातार बढ्दो आणविक धम्कीको जवाफ दिन आफ्नो तयारी बढाउनका लागि सन् २०२३ को तुलनामा दुई गुणा सैनिकको सहभागिताका साथ सोमबारदेखि उनीहरूको वार्षिक वसन्त सैन्य अभ्यास सुरु गरेको बताएका छन् । दुवैले ' फ्रिडम सिल्ड' मा ४८ फिल्ड अभ्यास समावेश गर्ने र क्षेप्यास्त्र अवरोध अभ्यास, बम विस्फोट, हवाई आक्रमण र प्रत्यक्ष हमला समावेश गर्ने बताएका छन् ।



उत्तर कोरियाको रक्षा मन्त्रालयका एक अज्ञात प्रवक्ताले सोल र वासिङ्टनलाई 'लापरवाहीपूर्ण' र 'उत्तेजित युद्धाभ्यास' बन्द गर्न आग्रह गर्नुभयो । "प्योङ्याङको सेनाले अमेरिका र दक्षिण कोरियाको लापरवाहीपूर्ण सैन्य अभ्यासको कडा निन्दा गर्दछ र उत्तेजना र अस्थिरता निम्त्याउने कदमहरू रोक्न उनीहरूलाई कडा चेतावनी दिन्छ", प्योङ्याङको आधिकारिक कोरियन सेन्ट्रल न्युज एजेन्सीद्वारा जारी विज्ञप्तिमा प्रवक्ताले भन्नुभयो । "अमेरिका र दक्षिण कोरियाले आफ्नो भ्रामक छनोटका लागि महँगो मूल्य तिर्नुपर्नेछ, यसले प्रत्येक क्षणमा गम्भीर स्तरमा उनीहरूको सुरक्षा असुविधालाई निम्त्याएको महसुस गर्दैछ", प्रवक्ताले भन्नुभयो ।

उत्तर कोरियाले लामो समयदेखि अमेरिका र दक्षिण कोरियाको संयुक्त सैन्य अभ्यासको आलोचना गर्दै आएको छ । उसले उक्त सैन्य अभ्यासलाई आक्रमणका लागि पूर्वाभ्यास भनेको छ। यस्तै प्रकृतिको पछिल्लो संयुक्त सैन्य अभ्यासमा हतियार परीक्षण गरिएको थियो । सोलले आफ्नो सेना उत्तर कोरियाको उक्साहटका लागि पूर्णरूपमा तयार रहेको जनाएको छ ।

"उत्तर कोरियाले हाम्रो संयुक्त सैन्य अभ्यासको बहानामा उक्साउने कुरा गर्छ भने हामी तत्काल सुदृढ र अन्तिम कारवाहीको सिद्धान्तअनुसार ठूलो जवाफ दिनेछौँ", दक्षिण कोरियाको रक्षा मन्त्रालयले एक विज्ञप्तिमा भनेको छ ।

उत्तर कोरियाली नेता किम जोङ उनले सोललाई उत्तर कोरियाको 'सबैभन्दा खतरनाक र पहिलो शत्रु राज्य तथा कट्टर शत्रु' भन्दै गत महिना आक्रमण भएको अवस्थामा प्योङ्याङ दक्षिण कोरियाको ' अस्तित्व मेट्न' नहिचकिचाउने बताउनुभएको थियो ।

# त्रिकोणात्मक टी-२० शृंखलाको उपाधि नेदरल्याण्ड्सलाई

टुडे समाचारदाता

काठमाण्डु । त्रिकोणात्मक टी-२० अन्तर्राष्ट्रिय शृंखलाको उपाधि नेदरल्याण्ड्सले जितेको छ । कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा हजारौ दर्शकलाई निशब्द बनाउँदै नेदरल्याण्ड्सले चार विकेटको रोमाञ्चक जित निकाल्यो । नेपालले प्रस्तुत गरेको एक सय ८५ रनको लक्ष्य नेदरल्याण्ड्सले १९ दशमलव तीन ओभरमा छ विकेटको क्षतिमा पूरा गऱ्यो ।




नेदरल्याण्ड्सको जितमा माइकल लेभिटले अर्धशतकीय पारी खेले । बिस्फोटक ब्याटिङ गरेका उनले २९ बलमा तीन छक्का र छ चौकाको सहयोगमा ५४ रन बनाए ।

म्याक्स ओ डाउडले २३ बलमा एक छक्का र दुई चौकाको सहयोगमा २२ रन बनाए ।उत्कृष्ट सुरुआत गरेको नेदरल्याण्ड्सका लागि ओपनरद्वय लेभिट र ओ डाउडले पहिलो विकेटका लागि ८३ रनका साझेदारी गरे । नवौँ ओभरमा बलिङका लागि आएका कुशल मल्लले आफ्नो पहिलो ओभरमा दुई विकेट लिँदै नेपाललाई राहत दिलाए पनि त्यो जितका लागि पर्याप्त भएन ।

उनले नवौँ ओभरको पहिलो बलमा म्याक्स ओ डाउडलाई दीपेन्द्र सिंह ऐरीबाट क्याच आउट गराए भने सोही ओभरको पाँचौ बलमा माइकल लेभिटलाई कप्तान रोहित पौडेलबाट क्याच आउट गराउँदै पवेलियन फर्काए ।नेदरल्याण्ड्सले एक सय ३४ रन छँदा तेस्रो विकेटका रुपमा विक्रम जित सिंहलाई गुमायो ।

सिंहले २३ बलमा तीन छक्कासहित २९ रन बनाए । साथै एक सय ४१ रन छँदा नेदरल्याण्ड्सले कप्तान स्कट एडवार्डलाई गुमायो । एडवार्डले जम्मा दुई रन बनाए ।

नेदरल्याण्ड्सले एक सय ६६ रन बनाउँदा पाँचौ विकेटका रुपमा साइब्राण्ड एङ्गलब्रेक्टलाई गुमायो । एङ्गलब्रेक्टले २९ बलमा तीन छक्का र चार चौकाको सहयोगमा ४८ रनको योगदान दिए । साथै छैटौं विकेटका रुपमा एक सय ७३ रन छँदा तेजा निदामानुरु दुई रनमा आउट भए ।

नेदरल्याण्ड्सको जितमा बलर टिम भान डेर गुग्टेन पाँच बलमा दुई छक्का र दुई चौकाको सहयोगमा २१ रनको योगदान दिए भने रोलफ भान डर पर्व दुई बनाए । यी दुवै खेलाडी अविजित रहे ।

नेदरल्याण्ड्सका लागि ५४ रन र दुई विकेट लिएका लेभिट प्लेयर अफ दि म्याच घोषित भए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा आठ विकेटको क्षतिमा एक सय ८४ रन बनाएको थियो ।

नेपालका लागि ओपनर आशिफ सेखले ३७ बलमा तीन छक्का र एक चौकाको सहयोगमा ४७ रनको योगदान दिए भने अर्का ओपनर कुशल भुर्तेलले २० रन बनाए । कप्तान रोहित पौडेलले २५ बनाए भने गुलशन झाले ३४ रनको योगदान दिए ।

दीपेन्द्र सिंह ऐरी एक रनमा आउट हुँदा कुशल मल्लले ११ बलमा तीन छक्काको सहयोगमा २६ रन बनाए । साथै करन केसीले नौ रन बनाउँदा आरिफ सेखले खाता खोल्न सकेनन् । पुच्छारका ब्याटरद्वय सोमपाल कामी र प्रतिस जिसीले समान छ/छ रन बनाए । नेदरल्याण्ड्सका लागि फ्रेड काल्सेन, टिम भान डेर गुग्टेन, माइकल लेभिट र साइब्राण्ड एङ्गलब्रेक्टले समान दुई/दुई विकेट लिए ।

जारी शृंखलामा नेदरल्याण्ड्स पाँच अङ्कका साथ तालिकाको शीर्ष स्थानमा रहँदै फाइनल प्रवेश गरेको हो भने नेपाल चार अङ्कका साथ फाइनलमा प्रवेश गरेको हो । चार खेलमा एक जित, दुई हार र एक ड्र गरी तीन अङ्क जोडेको नामिबिया तालिकाको पुच्छारमा रह्यो ।

शृंखलाको पहिलो खेलमा नामिबियाले नेपाललाई २० रनले पराजित गरेको थियो भने दोस्रो खेलमा नेदरल्याण्ड्सले नेपाललाई दुई रनले पराजित गरेको थियो । साथै तेस्रो खेलमा नेदरल्याण्ड्सले नामिबियालाई ५९ रनले पराजित गरेको थियो भने चौथो खेलमा नेपालले नामिबियाविरुद्ध तीन रनको रोमाञ्चक जित निकालेको थियो। साथै पाँचौ खेलमा नेपालले नेदरल्याण्ड्सलाई छ विकेटको सहज जित निकालेको थियो । त्यसैगरी नामिबिया र नेदरल्याण्ड्सबीचको खेल वर्षाले प्रभावित भएको थियो ।

# गत वर्ष इरानमा ८३४ लाई मृत्युदण्ड, सन् २०१५ यताकै उच्च

एएफपी

पेरिस । इरानले गत वर्ष कम्तीमा आठ सय ३४ जनालाई मृत्युदण्ड दिएको दुई अधिकार समूहले मङ्गलबार बताएका छन् । इरानमा मृत्युदण्डको सजाय बढ्दै गर्दा उक्त संख्या सन् २०१५ यताकै उच्च हो ।

इरानले हालैका वर्षहरूमा फाँसी दिएर कार्यान्वयन गरेको मृत्युदण्डको सत्त्या सन् २०२२ मा करिब ४३ प्रतिशतले बढेको छ ।

नर्वेस्थित ह्युमन राइट्स (आइएचआर) र पेरिसस्थित टुगेदर अगेन्स्ट द डेथ पेनाल्टीको संयुक्त प्रतिवेदनमा एक वर्षमा आठ सयभन्दा बढी मृत्युदण्डको सजाय दुई दशकमा यो दोस्रो पटक भएको बताएका छन् । सन् २०१५ मा नौ सय ७२ लाई मृत्युदण्ड दिइएको थियो ।




दुवै समूहले इरानमाथि सन् २०२२ सेप्टेम्बरमा महसा अमिनीको प्रहरी हिरासतमा भएको मृत्युपछि अधिकारीहरूलाई हल्लाएको विरोध प्रदर्शनका क्रममा इरानले समाजमा डर फैलाउनका लागि मृत्युदण्डको सजायको प्रयोग गरेको आरोप लगाएका छन् ।

आइएचआरका निर्देशक महमुद अमिरी-मोघद्दमले प्रतिवेदनमा भन्नुभएको छ, "सामाजिक त्रास उत्पन्न गर्नु भनेको सत्तामा टिकिरहने शासनको एक मात्र तरिका हो र मृत्युदण्ड यसको सबैभन्दा महत्त्वपूर्ण साधन हो ।" प्रतिवेदनमा आठ सय ३४ को आँकडालाई 'आश्चर्यजनक कूल' भनिएको छ । अधिकार समूहहरूका अनुसार इरानले सन् २०२२ को विरोध प्रदर्शनहरूमा सुरक्षा बलमाथि हमलासँग सम्बन्धित मामिलामा नौ जनालाई मृत्युदण्ड दिएको छ । तीमध्ये सन् २०२२ मा दुई, सन् २०२३ मा छ र सन् २०२४ मा एक जनालाई मृत्युदण्ड दिइएको छ ।

यद्यपि अन्य आरोपहरूमा मृत्युदण्डको सजायालाई बढाइएको छ । विशेषगरी हालैका वर्षमा गिरावट देखिएको लागुपदार्थसम्बन्धी मामिलामा मृत्युदण्डको सजाय बढेका छन् । "सन् २०२३ मा लागुपदार्थसँग सम्बन्धित मृत्युदण्डको संख्यामा नाटकीय वृद्धि हुनु विशेष चिन्ताको विषय हो, यो बढेर चार सय ७१ सम्म पुगेको छ । सन् २०२० मा रेकर्ड गरिएको आँकडाको तुलनामा यो १८ गुणा बढी हो", प्रतिवेदनमा भनिएको छ।

प्रतिवेदनमा जातीय अल्पसंख्यकका सदस्यहरू विशेषगरी इरानको दक्षिणपूर्वबाट सुन्नी बलुचलाई लागुपदार्थसँग सम्बन्धित आरोपमा 'मृत्युदण्ड दिइएका मानिसहरूमा अत्यधिक प्रतिनिधित्व गरिएको' बताइएको छ । समग्रमा बलुच अल्पसंख्यकका कम्तीमा एक सय ६७ सदस्यलाई मृत्युदण्ड दिइएको छ।

यो सन् २०२३ मा कूल मृत्युदण्ड संख्याको २० प्रतिशत हो। बलुच अल्पसंख्यकको जनसंख्या इरानमा केवल पाँच प्रतिशतको हाराहारीमा छ।

# पराजित भएपछि के भन्छन् प्रशिक्षक र कप्तान ?

टुडे समाचारदाता

काठमाण्डु । घरेलु मैदानमा त्रिकोणात्मक टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृंखलाको फाइनलमा नेदरल्याण्ड्ससँग चार विकेटले पराजित भएपछि कप्तान र प्रशिक्षक दबाबमा खेल्न चुक्दाको परिणाम भएको प्रतिक्रिया दिएका छन् ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा हजारौँ दर्शकलाई निशब्द बनाउँदै नेदरल्याण्ड्सले चार विकेटको रोमाञ्चक जित निकाल्यो । नेपालले प्रस्तुत गरेको एक सय ८५ रनको लक्ष्य नेदरल्याण्ड्सले १९ दशमलव तीन ओभरमा छ विकेटको क्षतिमा पूरा गऱ्यो । विजेता नेदरल्याण्ड्सलाई नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले ट्रफी प्रदान गरे ।



खेलपछि पत्रकारसँग कुरा गर्दै कप्तान रोहितकुमार पौडेलले टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय सामूहिक भएको बताए । "टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय सामूहिक थियो", उनले भने, "पहिलो पारीमा विकेट राम्रो देखिएको थियो भने दोस्रो पारीमा विकेट 'स्लो' थियो ।"

कप्तान पौडेलले सुरुआत राम्रो भए पनि योजनाअनुसार ' फिनिसिङ' गर्नबाट चुकेको बताए । "जुन तरिकाले हामीले सुरुआत पाएका थियौँ, त्यसअनुसार दुई सय रन बनाउने योजना थियो तर हामीले १०/१५ रन कम बनायौँ", उनले भने, "मध्यम ओभरमा रनको गति कम भयो भने विकेट पतन पनि चाँडो भयो ।" उनले 'पावरप्ले' र 'डेथओभर'मा कमजोरी सुधार हुन नसकेको पनि बताए । "यस प्रतियोगिताबाट धेरै कुरा सिकेका छौं । 'पावर प्ले' र 'डेथओभर' राम्रो प्रदर्शन गर्न सकेनौँ तर विश्वकपसम्म त्यसमा सुधार गर्नेछौं ।"राष्ट्रिय क्रिकेट टोलीका प्रशिक्षक मोन्टी देसाइले प्रतियोगिताले आगामी दिनमा योजना कार्यान्वयन गर्नका लागि धेरै कुरा सिकाएको बताए । "नेदरल्याण्ड्स पनि ठूला टोलीलाई हराएको टिम हो, हामीले दबाबमा राम्रो प्रदर्शन गर्नबाट चुक्यौं", उनले भने, "यसअघि पनि धेरै 'क्लोज गेम'हरु खेलेका छौं । प्रतियोगिताले विश्वकपको तयारीका लागि फाइदा पुगेको छ ।"

उनले यही मार्च ९ देखि सुरु हुने हङकङविरुद्धको खेल 'बेञ्च' बलियो बनाउनका लागि सहयोगी हुने बताए । "विश्वकपको तयारीका लागि अहिले धेरै प्रयोग भइरहेका छन् । यसले हामीलाई आगामी दिनमा राम्रो नतिजा दिन सहयोग पुऱ्याउनेछ ।" उनले फाइनल खेलमा अभिनास बोहोरालाई मौका दिइएको विषयमा नामिबियासँग राम्रो गरेकाले टीममा सहभागी गराइएको बताए । शृखंलामा नेदरल्याण्ड्स पाँच अङ्कका साथ तालिकाको शीर्ष स्थानमा रहँदै फाइनल प्रवेश गरेको हो भने नेपाल चार अङ्कका साथ फाइनलमा प्रवेश गरेको हो ।


चार खेलमा एक जित, दुई हार र एक ड्र गरी तीन अङ्क जोडेको नामिबिया तालिकाको पुछारमा रह्यो ।शृंखलाको पहिलो खेलमा नामिबियाले नेपाललाई २० रनले पराजित गरेको थियो भने दोस्रो खेलमा नेदरल्याण्ड्सले नेपाललाई दुई रनले पराजित गरेको थियो । साथै तेस्रो खेलमा नेदरल्याण्ड्सले नामिबियालाई ५९ रनले पराजित गरेको थियो भने चौथो खेलमा नेपालले नामिबियाविरुद्ध तीन रनको रोमाञ्चक जित निकालेको थियो ।

साथै पाँचौं खेलमा नेपालले नेदरल्याण्ड्सलाई छ विकेटको सहज जित निकालेको थियो । त्यसैगरी नामिबिया र नेदरल्याण्ड्सबीचको खेल वर्षाले प्रभावित भएको थियो ।

# पाकिस्तानका नवनियुक्त प्रधानमन्त्री सरिफलाई बधाई

एएफपी

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले मङ्गलबार पाकिस्तानी समकक्षी शहबाज सरिफलाई प्रधानमन्त्री पदमा फर्किएकामा बधाई दिनुभएको छ। आणविक सशस्त्र प्रतिद्वन्द्वीका नेताहरूबीच सद्भावनाको यो दुर्लभ अभिव्यक्ति हो ।



मतदानमा व्यापक धाँधली भएको दावीपछि सरिफले सोमबार औपचारिकरूपमा दोस्रो पटक प्रधानमन्त्रीका रूपमा शपथ लिनुभएको थियो । पाकिस्तान मुस्लिम लिग-नवाज (पिएमएल-एन) का सेना समर्थित ७२ वर्षीय सरिफले सबैभन्दा धेरै सिट जित्ने कारागारमा रहनुभएका पूर्वप्रधानमन्त्री इमरान खानका वफादारहरूलाई सरकारबाट बाहिर राख्न आफ्नो ऐतिहासिक प्रतिद्वन्द्वी पाकिस्तान पिपुल्स पार्टी (पिपिपी) र धेरै साना गुटहरूसँग गठबन्धन गरेर सरकार बनाउनुभएको छ ।

भारतीय प्रधानमन्त्री मोदीले सामाजिक सञ्जाल एक्समा एक पोस्टमा भन्नुभएको छ, "पाकिस्तानका प्रधानमन्त्रीका रूपमा शपथ लिनुभएकोमा शहबाजलाई बधाई ।" भारत र पाकिस्तान लामो समयदेखि राजनीतिक तनावसँगै कट्टर प्रतिद्वन्द्वी हुन् । सन् १९४७ मा उपमहाद्वीपको विभाजनबाट अलग भएपछि दुवै मुलुकले तीन युद्ध र धेरै साना झडपहरू लडेका छन् ।

यद्यपि भारतमा सरिफलाई उहाँका पूर्ववर्ती खानको तुलनामा नयाँदिल्लीप्रति अधिक मिलनसार व्यक्तिका रूपमा हेरिन्छ । वरिष्ठ पाकिस्तानी राजनीतिज्ञका रूपमा असामान्यरूपमा सरिफले सन् २०१३ मा भारतको भ्रमण गर्नुभएको थियो । त्यतिबेला उहाँ पाकिस्तानको प्रभावशाली पञ्जाब प्रान्तको मुख्यमन्त्री हुनुहुन्थ्यो ।

उहाँले सीमाको भारतीय भूभागमा आफ्नो परिवारको पैतृक गाउँको भ्रमण गर्नुभयो र अन्य अधिकारीहरूसँग नयाँदिल्लीमा तत्कालीन प्रधानमन्त्री मनमोहन सिंहसँग भेट गर्नुभयो । हिन्दू राष्ट्रवादी नेताका रूपमा सत्ता सम्हालेको एक वर्षपछि सन् २०१५ मा पाकिस्तानको आश्चर्यजनक भ्रमणका क्रममा मोदीले सरिफ परिवारको विवाहमा भाग लिनुभएको थियो। उहाँलाई तत्कालीन प्रधानमन्त्री एवं सरिफका दाजु नवाजले स्वागत गर्नुभएको थियो ।

अप्रिलमा सम्भावित आम निर्वाचनमा तेस्रो कार्यकालका लागि प्रयासरत लोकप्रिय नेता मोदीको नेतृत्वमा भारतमा हिन्दू राष्ट्रवादी भावना बढेको छ । भारतले आफ्नो नियन्त्रणमा रहेको कास्मिरको भागमा आफ्नो पकड राख्ने प्रयासमा विवादपछि सन् २०१९ मा खानको प्रधानमन्त्रीत्व कालमा दुवै मुलुकले आफ्ना कूटनीतिक सम्बन्धलाई घटाएका थिए । हिमाली क्षेत्र कास्मिर दुवै मुलुकबीच विभाजित छ र दुवैले यसमाथि दावी गर्छन् ।

# हनोइ प्रदूषित सहरहरूको सूचीमा शीर्ष स्थानमा



एएफपी

हनोई । भियतनामको राजधानी हनोईलाई मङ्गलबार प्रदूषणको बाक्लो धुवाँले ढाक्दा अग्ला भवनहरू अस्पष्ट देखिएका थिए भने सहरका करिब ९० लाख मानिसले विषाक्त हावामा सास लिन बाध्य हुनुपरेको थियो ।

मङ्गलबार दिउँसो वायु निगरानी वेबसाइट आइक्युएयरको विश्वका सबैभन्दा प्रदूषित सहरहरूको तालिकामा हनोई शीर्ष स्थानमा छ । फोक्सोमार्फत रक्तप्रवाहमा प्रवेश गर्न पर्याप्त क्यान्सर बनाउने सूक्ष्म कणहरू पिएम२.५ प्रदूषकहरूको स्तर 'धेरै अस्वास्थ्यकर' का रूपमा वर्गीकृत गरिएको छ र विश्व स्वास्थ्य सङ्गठनको वार्षिक दिशानिर्देशअनुसार यो २४ गुणाभन्दा बढी छ ।

हालैका वर्षहरूमा हनोईलाई बारम्बार विश्वको सबैभन्दा प्रदूषित सहरमा सूचीबद्ध गरिएको छ ।

आंशिकरूपमा व्यापक निर्माण र प्रत्येक दिन राजधानीमा ठूलो संख्यामा मोटरसाइकल र कारहरूबाट हुने उत्सर्जनलाई यसको प्रमुख कारक मानिएको छ । त्यस्तै उत्तरमा कोइला खानीबाट हुने कार्बन उत्सर्जन र कषि जलनले समस्या थप बढेको छ । "पछिल्ला केही दिनमा हावाको गुणस्तर अत्यन्त खराब भएकाले बाहिर निस्कँदा मैले मास्क लगाउनुपरेको छ", कार्यालयका कर्मचारी गुयेन मिन्ह हुआङले भन्नुभयो, "सास फेर्न कठिन छ, मलाई बारम्बार हाछ्यूँ आएकाले बाहिर निस्कने समयलाई सीमित गर्नुपरेको छ ।"

उच्च आर्द्रताले बाक्लो कुहिरोले हनोईलाई ढाकेर वायु प्रदूषणमा भएको वृद्धिले दृश्यता कम हुँदा गत महिना दर्जनौँ उडान प्रभावित भएका थिए । मौसम पूर्वानुमानकर्ताहरूले विशेषरूपमा भियतनामको उत्तरपूर्वी पहाडी क्षेत्रहमा बाक्लो धुवाँको नियमित चेतावनी जारी गरेका छन् ।

वायु प्रदूषणमा विश्व बैंकको पछिल्लो प्रतिवेनमा हनोईमा ४० प्रतिशत मानिस विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) को दिशानिर्देशहरूभन्दा करिब पाँच गुणा धेरै सघनताको सम्पर्कमा रहेको उल्लेख छ ।

वायु प्रदूषणको जोखिमसँग स्ट्रोक, हृदय रोग र फोक्सोको क्यान्सरजस्ता गम्भीर स्वास्थ्य जोडिएका डब्लुएचओले बताएको छ ।

# हाइटीमा घातक हिंसापछि राष्ट्रसङ्घीय प्रमुखद्धारा 'गहिरो चिन्ता' व्यक्त

सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले सप्ताहन्तमा भएको घातक हिंसापछि हाइटीको राजधानी पोर्ट-अ-प्रिन्समा बिग्रँदो सुरक्षा अवस्थालाई लिएर गहिरो चिन्ता व्यक्त गर्नुभएको उहाँको मुख्य प्रवक्ताले सोमबार बताउनुभएको छ ।



"महासचिव पोर्ट-अ-प्रिन्समा निरन्तर बिग्रँदै गएको सुरक्षा स्थितिप्रति अत्यन्त चिन्तित हुनुहुन्छ, हाइटीमा सशस्त्र गिरोहहरूले सप्ताहन्तमा प्रहरी चौकी र दुई कारागारसहित महत्वपूर्ण पूर्वाधारहरूमा आक्रमणलाई तीव्र बनाएका छन्", प्रवक्ता स्टेफन डुजारिकले भन्नुभयो ।

उहाँका अनुसार महासचिव गुटेरेसले विशेषरूपमा गैर-संयुक्त राष्ट्र बहुराष्ट्रिय सुरक्षा सहायता मिसनका लागि वित्तीय सहायता प्रदान गर्न तत्काल कारवाहीको आवश्यकता दोहोर्याउनुभएको छ ।

मिसनमा मुलुकहरूको स्वयंसेवी प्रहरी टुकडीको एउटा समूह छ ।

उक्त समूहले तत्काल सुरक्षा आवश्यकताहरू पूरा गर्न र मुलुकलाई अराजकताबाट जोगाउन हाइटीका प्रहरीलाई सहयोग गर्नेछ ।

महासचिवले हाइटी सरकार र अन्य राजनीतिक नेताहरूसँग निर्वाचनमार्फत लोकतान्त्रिक संस्थाहरूको पुनःस्थापनाको दिशामा राजनीतिक प्रक्रियालाई अगाडि बढाउने आवश्यक कदमहरूमा छिटो सहमत हुन आह्वान गर्नुभएको प्रवक्ता डुजारिकले बताउनुभयो ।

प्रधानमन्त्री तथा कार्यवाहक राष्ट्रपति एरियल हेनरी केन्यामा एक हजार प्रहरी अधिकारीलाई पठाउने कार्यलाई वैध बनाउने एक सम्झौतामा हस्ताक्षर गर्नका लागि केन्यामा हुँदा हिंसा भड्किएको थियो ।

सन् २०२१ जुलाईमा राष्ट्रपति जोभेनल मोइसको हत्यापछि सम्पूर्ण क्यारेबियाली मुलुकमा गिरोह हिंसा बढिरहेको छ ।

# गाउँमा म्याद गुज्रेका पेयपदार्थ

टुडे समाचारदाता

बलेवा । बागलुङका ग्रामीण बजारका अधिकांश पसलमा म्याद गुज्रेका पेयपदार्थ फेला परेका छन् ।

जिल्ला प्रशासन कार्यालय, उपभोक्ता मञ्च, बागलुङ नगरपालिका, खाद्यप्रविधि तथा गुण नियन्त्रण कार्यालय र पर्यटन कार्यालयको संयुक्त अनुगमन टोलीले अनुगमनका क्रममा म्याद गुज्रेका सामग्री फेला पारेको हो । अनुगमन टोलीले बागलुङ नगरपालिका-१४ नारायणस्थान र १३ पैंयुपाटाका पसलमा अनुगमन गरेको थियो ।



व्यवसायीले म्याद गुज्रेका सामग्री र उपभोग्य सामग्री एकै ठाउँमा राखेर बिक्री गरेको फेला परेपछि सबै पेय पदार्थ जफत गरेर नष्ट गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले बताए । "जुन पसलमा पस्यो उसैमा म्याद गुज्रेका पेय पदार्थ भेटिए, हामीले स्थानीय जनप्रतिनिधिको रोहवरमा नष्ट गरेर सचेत गराएका छौँ", बरालले भने, "उपभोक्ता र बिक्रेतामा अझै पनि सचेतनाको आवश्यकता देखियो ।" कोकाकोला कम्पनीका कोक, फेन्टा, स्प्राइट सबैभन्दा धेरै म्याद गुज्रेका भेटिएका थिए । अघिल्लो गर्मीयाममा राखेका पेय पदार्थको म्याद गुज्रेको व्यवसायीले ख्याल नगरेको पाइएको हो ।

"पटक-पटकभन्दा पनि कम्पनी र डिलर फिर्ता लिन आउँदैनन्, बेच्न आउँदा जबर जस्ती धेरै भिडाएर जान्छन्, बिक्री हुन्न अनि म्याद गुज्रिन्छ", नारायणस्थानका स्थानीय व्यवसायी महेन्द्र जिसीले भने, "ठूला व्यवसायीका कारण मर्का पर्ने गरेको छ ।" केही पसलहरुले उचित भण्डारण नगरेको, म्याद गुज्रेका सामग्री अलगै राखेको नपाइएको र रङ मिसिएका खाद्य वस्तु बिक्री गरेको पाइएको उपभोक्ता मञ्च बागलुङका अध्यक्ष शैलेन्द्रकुमार श्रेष्ठले बताए । "हामीले उपभोक्ताको मागलाई ध्यानमा राखेर पसल अनुगमन गर्यौं", उनले भने, "तर बजारका अधिकांश पसलमा म्याद गुज्रेका सामग्री पाइयो, यो निकै डरलाग्दो स्थिति हो ।" पहिलो पटकका लागि सचेत गराइएको र दोहोरिए कारबाही गर्ने चेतावनी दिएको उनले बताए ।

अनुगमनका क्रममा भेटिएका सामग्रीमध्ये पीठो, फुरन्दाना, दालमोठ, बिस्कुट, चक्लेट, महलगायत खाद्य सामग्री पनि जफत गरिएको थियो । जफत गरिएका सामग्री व्यवसायी र स्थानीयकै रोहवरमा नष्ट गरिएको थियो । सोमबार बजारमा खाद्यान्न पसल अनुगमनका लागि टोली खटिएपछि पैंयुपाटा र नारायणस्थानका केही खाद्यान्न पसल गरेर बसेका व्यवसायीको भागाभाग भएको थियो । नारायणस्थानबाट अनुगमन थालिएपछि अधिकांश खाद्यान्न पसल बन्द गरेर व्यवसायी भागेका थिए ।

प्रशासनले यसपटक पसल बन्द गरी भागे पनि अर्को पटकको अनुगमनमा कसैलाई पनि उन्मुक्ति नदिने जनाएको छ । प्रशासनका प्रतिनिधि प्रहरी पनि भएकाले वडाका जनप्रतिनिधि र प्रहरीले जुनसुकै बेला अनुगमन गर्नसक्ने बरालले बताए। बलेवाका बजारमा रङ मिसिएका मिठाई तथा अन्य खाद्यपदार्थलाई पनि कठाइका साथ हेरिएको थियो । जेरी, झिनिया, केक र मिठाइमा आखाद्य रङ मिसिएको भेटिएपछि तत्काल जफत गरेर नष्ट गरिएको थियो ।

# कोशीटप्पुमा चराको संख्या घट्यो

टुडे समाचारदाता

बेलबारी । कोशीटप्पु वन्यजन्तु आरक्ष क्षेत्रलगायत कोशी क्षेत्रमा यस वर्ष चराको संख्या घटेको छ । चराको गुणस्तरीय बासस्थानको अभाव, बासस्थान क्षेत्रमा भइरहेका विकास निर्माण, खेतीबालीमा बढ्दो विषादिको प्रयोग र मानवीय क्रियाकलापले गर्दा चराका संख्या घटेको हो ।



मिड-विन्टर वाटर वर्ड सेन्सस २०२४ अन्तर्गत यस वर्ष कोशीटप्पु आरक्षलगायत कोशी नदी क्षेत्रमा गरिएको गणनामा यस वर्ष ५३ प्रजातिका पाँच हजार पाँच सय २७ को संख्यामा चरा फेला परेको छ । गत वर्ष ५६ प्रजातिका सात हजार पाँच सय ७३ चरा रहेको तथ्याङ्क रहेको छ । बर्सेनि नयाँ-नयाँ प्रजातिका चरा आउने क्रम थपिए पनि यस वर्षको गणनामा चराको प्रजाति र संख्यामा कमी आएको राष्ट्रिय प्रकृति संरक्षण कोष कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र गौतमले बताए ।

गत पुस २५ देखि २९ गतेसम्म पाँच दिन भएको चरा गणनाको विश्व सिमसार दिवसका अवसरमा तथ्याङ्क सार्वजनिक गरिएको हो ।

कोशीमा सबैभन्दा धेरै ८ सय ४८ को संख्यामा सिलसिले हाँस फेला परेका छन् । त्यसैगरी उच्च संख्यामा फेला परेका १० प्रजातिका चरामध्ये चखेवा पाँच सय छ, राज हुटिट्याउ चार सय ५५, जलेवा चार सय ४५, वस्तु बकुल्ला तीन सय ७६, सानो जलेवा तीन सय ७१, कर्रा सवारी दुई सय ५७, लामाऔंले दुई सय २२, आसकोटे बकुल्ला दुई सय १० र जलरङ्ग एक सय ८७ फेला परेका छन् ।

पानीमा आश्रित चरालाई सिमसार संरक्षणको अभाव हुनुका साथै आहाराको कमीले चराको संख्या घटेको हुनसक्ने कोशी पक्षी समाजका अध्यक्ष चक्र तिम्सिना बताउछन् । "मानव बस्ती र मानवीय व्यवहारले हैरानी खेप्नु नै मुख्यरूपमा पर्यटक चरा आउन ह्रास भएको हुनसक्छ ।" उनीका अनुसार रसिया, साइबेरियालगायतका मुलुकबाट जाडो छल्न आउने पर्यटक चरा खेल्ने सिमसारमा मोटरबोट सञ्चालनमा आउनाले पनि चराको संख्यामा कमी आएको बताउछन् ।

कोरोनाले विश्व आक्रान्त बनेको समय सन् २०१९ को गणनामा कोशीमा चराको संख्या अत्याधिक बढेर नौ हजार दुई सय ८९ पगेको थियो । यस समयमा मनाव चहलपहल कम हुनाले सिमसार खोलानालामा चराको संख्या बढेको हुनसक्ने राष्ट्रिय प्रकृति संरक्षण कोष कोशी संरक्षण केन्द्रका प्रमुख वीरेन्द्र गौतमले बताए ।

असोजदेखि नेपाल आउने हिउँदे पर्यटक चरा पुससम्म आउने क्रम जारी रहन्छ र चैत महिना लागेसँगै आफ्नै गन्तव्य स्थान फर्कने गर्दछन् । सुनसरी, सप्तरी र उदयपुर जिल्लाको सङ्गमस्थलमा रहेको कोशीटप्पु वन्यजन्तु आरक्ष नेपालमा चराको राजधानीजस्तै बनेको छ । करिब पचास प्रजातिका बटुवा चरा नेपालको बाटो हुँदै भारत, पाकिस्तान र श्रीलङ्कातिर जान्छन् । जाडो छल्न नेपाल आउने हिउँदे आगन्तुक चरा नेपालका प्रमुख सिमसार क्षेत्र कोशीटप्पु वन्यजन्तु आरक्ष, चितवन राष्ट्रिय निकुञ्ज, बिसहजारी, जगदीशपुर, घोडाघोडी ताल, शुक्लाफाँटा वन्यजन्तु आरक्ष तथा कोशी, गण्डकी, नारायणी नदी र त्यसका सहायक नदीमा नै प्रायः रहने गर्दछन् ।

यसरी जाडो याममा नेपालमा बसाइँ सरेर आउने चराको अधिकांश हिस्सा हाँस प्रजातिले ओगट्छन् भने अन्य प्रजातिमा सिकारी तथा मांसाहारी चरा, चाँचर, साना फिस्टा, अर्जुनक, झ्याप्सी, भद्राइ आदि पर्दछन् ।

दक्षिणी मुलुक र अफ्रिकाबाट हजारौं ग्रिष्मकालीन आगन्तुक चरा बच्चा कोरल्न नेपाल आउने गर्दछन् । यी चरा असोजसम्ममा आफ्ना बच्चा हुर्काएर पुरानै बासस्थानमा फर्कन्छन् । यसरी आउने करिब ६० प्रजातिका चराको अधिकांश हिस्सा कोइली प्रजातिको हुन्छ । नेपालमा पाइने १९ प्रजातिका कोइलीमध्ये १५ प्रजातिले त आफ्नो गुँड नै बनाउँदैनन् र आफ्नो अण्डा अरु चराको गुँडमा पार्दिन्छन् ।उक्त चराले आफ्नै सन्तान ठानेर कोइलीको बच्चालाई हुर्काउँछ । नेपाल आउने अन्यमा मुरलीचरी, गाजले सुनचरी, स्वर्गचरी, चित्रक पिट्टा, कटुस टाउके आदि रहन्छन् । ग्रीष्मकालीन आगन्तुक चराको मुख्य बासस्थान भने वन र यस आसपासका घाँसेमैदान तथा कृषिभूमि हुन् ।

# चार महिनादेखि स्वास्थ्यकर्मीले पाएनन् तलब



टुडे समाचारदाता

भजनी । कैलालीको जानकी गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीले चार महिनादेखि तलबभत्ता नपाएको जनाउँदै गुनासो गरेका छन् । उनीहरुले चालु आर्थिक वर्षको असोजसम्मको मात्र तलबभत्ता पाएका थिए ।

तलबभत्ता रोकिएपछि दैनिक जनजीवन चलाउन मुस्किल हुन थालेको उनीहरूको भनाइ छ । "आएको तलबभत्ताबाटै घर खर्चदेखि बालबालिकाको विद्यालयको शुल्कलगायत आधारभूत खर्चको जोहो गर्नुपर्ने बाध्यता छ । त्यो भन्दा अरु आयस्रोत हामीसँग छैन ।" गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मी प्रमोद कठरियाले भने, "समयमा पैसा नआएपछि जनजीवन चलाउन समस्या हुन थालेको छ । घर-व्यवहार चलाउन मुस्किल हुँदै गएको छ भने बैंकको ब्याज तिर्न सकिएको छैन ।"

सङ्घीय तहबाट स्थानीय तहमा समायोजन भएर आएका स्वास्थ्यकर्मीले पाउँदै आएको तलबभत्ता गाउँपालिकाले बजेटको अभाव देखाउँदै रोकिदिएको छ । सङ्घीय सरकारबाट आर्थिक वर्षको सुरुमै आउनुपर्ने पर्याप्त बजेट नआएपछि समस्या भएको गाउँपालिकाले जनाएको छ । सङ्घीय तहबाट आउनुपर्ने बजेट समयमा आउन नसकेका कारण समस्या देखिएको गाउँपालिकाका लेखा अधिकृत दिनेश माझीले जानकारी दिए । "गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीका लागि वार्षिक रु तीन करोडभन्दा बढी बजेट चाहिन्छ । यस वर्ष रु एक करोड १४ लाख बजेटमात्रै आएको हुँदा त्यस बजेटले असोजसम्मलाई भयो", उनले भने, "अन्य शीर्षकबाट पनि खर्च गर्न नपाइने भएपछि कार्यरत स्वास्थ्यकर्मीको चार महिनाको तलब रकम भुक्तानी गर्न सकिएको छैन ।"

हाल गाउँपालिकामा सङ्घीय तहबाट स्थानीय तहमा समायोजन भएर आएका ४९ स्वास्थ्यकर्मी कार्यरत छन् । स्थानीय तहले करार तथा ज्यालादारीमा व्यवस्थापन गरिएका अन्य कर्मचारीले भने नियमित तलबभत्ता पाइरहेका छन् । "मन्त्रालयबाट तलबभत्ता शीर्षकमा आएको रकम तीन महिनामा सकिएपछि बाँकी आउने रकम समयमा नआउँदा समस्या आएको हो ।" स्वास्थ्य शाखा प्रमुख जितबहादुर चौधरीले भने, "हामीले गाउँपालिकाबाट मन्त्रालयलाई ताकेता गर्दै आएका छौँ । स्वास्थ्य मन्त्रालयले अर्थ मन्त्रालयलाई रकमका लागि आग्रह गरिसकेको भन्ने आएको छ, आशा गरौँ तलब आउँछ ।"

गाउँपालिकाले पटक-पटक स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई स्वास्थ्यकर्मीको तलबभत्ताका लागि लिखित तथा मौखिक आग्रह गर्दै आएको गाउँपालिकाका अध्यक्ष गणेश चौधरी बताए । "हामीले हाम्रो तर्फबाट गर्ने प्रयास गरिरहेका छौँ । मन्त्रालयले जतिसक्दो चाँडो कर्मचारीको तलबभत्ता व्यवस्थापन गरोस् भन्ने हो", उनले भने ।

गत वर्ष यस्तै समस्या भजनी नगरपालिका र जोशीपुर गाउँपालिकामा पनि देखिएको थियो। सङ्घबाट समायोजन भएर स्थानीय तहमा कार्यरत स्वास्थ्यकर्मीको तलबभत्ता नआएपछि स्वास्थ्यकर्मीले आन्दोलन नै गर्नुपरेको थियो । स्वास्थ्यकर्मी आन्दोलनमा उत्रिएपछि केही महिनाको तलबभत्ता स्थानीय तहले आन्तरिक स्रोतबाट व्यवस्थापन गरेका थिए ।

# 'सडक आयो, मोबाइलटावर भयो, विद्युत् सुविधा भएन '

टुडे समाचारदाता


ढोरपाटन । बागलुङको निसीखोला गाउँपालिका-५ निसीलढोरका स्थानीय बिरामी परे उपचारका लागि एक दिन पूरै धाएर बुर्तिबाङ बजार आउनुपर्थ्यो । आफन्तलाई फोन गर्न गाउँमाथिको अग्लो डाँडामा पुग्नुपर्थ्यो । तर अहिले त्यो दुवै समस्या समाधान भएको छ

। एक दशक अगाडि नै मोटरबाटो पुगेको हुँदा यात्रामा पनि सहज नै छ । तर अहिलेसम्म अन्धकारमा बस्न बाध्य स्थानीयले गाउँमा विद्युत् ल्याइदिन माग गरेका छन् ।

जिल्लाको सबैभन्दा दुर्गम मानिने निसलढोरका स्थानीयले गोबरको गुइठा, दियालो र टुकीको भरमा रात कटाउने गरेका छन् । सामान्य भए पनि स्वास्थ्य सेवा दिने हिसाबले गाउँपालिकाले गत जेठ महिनामा सामुदायिक स्वास्थ्य एकाइ स्थापना गरेर सेवा प्रवाह गर्दै आएको छ ।

नेपाल टेलिकमले निसीखोलाको शिरमा टावर निर्माण गरेर गत असोजबाट मोबाइल 'नेटवर्क' सञ्चालन गरेको छ । गाउँमा हुनेखानेले त सौर्य ऊर्जा (सोलार)को प्रयोग गरेका छन् भने सामान्य परिवार अन्धकारमै छन् ।

स्थानीय मनबहादुर विकले गाउँमा विस्तारै विकासले गति लिन थाले पनि वर्षौंदेखि अन्धकारमा बस्नुपर्ने बाध्यता हट्न नसकेको गुनासो गर्नुभयो । विद्युत्को सुविधा नहुँदा मोबाइल फोनमा टावरले काम गरे पनि बैंसीमा बस्ने आफन्तसँग कुराकानी गर्न नपाइने उनको भनाइ छ । एउटा मोबाइल फोन चार्ज गर्नका लागि तीन घण्टा हिँडेर ढोरपाटन उपत्यका पुग्नुपर्ने स्थिति रहेको उनले बताए ।



"गाउँका विकास नभएको होइन, विस्तारै हुँदै छ, हाम्रो मुख्य समस्या अहिले बिजौली (बिजुली) बत्तीको छ, सरकारलाई हाम्रो पीडा सुनाएका छौँ, कहिले आउँछ भन्ने अत्तोपत्तो छैन, आउन त आउला एक दिन तर हामीहरूलाई निकै खाँचो छ", विकले भने, "पहिला-पहिले बैंसी (निसीगाउँ) मा बस्दा त बिजौलीको सुविधा थियो, यहाँ आएपछि तर अँध्यारोमा बस्नुबाहेक अरु विकल्प छैन, सानो मोबाइल चलाउँछु चार्ज गर्न ढोरपाटन पुग्नुपर्छ, कहिलेकाहीं अतेरलाग्दा आफन्तलाई फोन गर्नुपर्छ ।"

पाँच वर्ष अगाडिसम्म निसेलढोर निसीका स्थानीय बर्खामा पुशचौपाय चरन र खेतीपातीका लाग आउने गर्थे भने हिउँदमा बैंसीमै बस्थे । तर अहिले करिब ६० घर परिवार बाह्रै महिना यही बस्न थालेका छन् । स्वास्थ्य संस्था सञ्चालनमा आएपछि बुर्तिबाङ जानुपर्ने समस्या समाधान भएको स्थानीय कलीकुमारी सुनारले बताए। विद्युत् नहुँदा साँझ पर्दाबित्तिकै खाना खानुपर्ने र बालबालिकाले साँझमा पढ्न नपाउने उनको भनाइ छ ।

उनले भने, "यो ठाउँमा कहिले बिजुली आउँछ ?, कि हामी सधैं यस्तै अँध्यारोमा बस्नुपर्ने हो ?, सबै ठाउँमा पुग्यो यहाँ अहिलेसम्म नआउँदा हामीहरू निकै मर्कामा छौँ, हाम्रो समस्या बुझ्ने नेता नभएर हो कि, बिजुलीबिनाको टावर छ, मोबाइल अफ छन्, बिजुली हुन्थ्यो भने टिभी चलाउन पाइन्थ्यो, टाढा-टाढाका घटना, समाचार देख्न पाइन्थ्यो, के गर्नु छैन ।"निसीखोला गाउँपालिकाका अध्यक्ष सूर्यबहादुर घर्तीमगरले भौगोलिक विकटताका कारण अहिलेसम्म निसेलढोरमा विद्युत् पुर्याउन नसकेको बताए ।

विद्युत्को पहुँच पुर्याउनका लागि स्थानीय जलविद्युत र विद्युत् प्राधिकरणसँग छलफल भइरहेको उनको भनाइ छ । आफू निर्वाचित हुनु पूर्वदेखिनै यहाँ विद्युत् पुर्याउने विषयमा माथिल्लो निकायसँग माग गरेको जनाउँदै उनले अब केही समयमा यहाँका नागरिकले विद्युत् बाल्न पाउने जानकारी दिए ।


## Loharpatti Municipality
Office of Municipal Ececutive
Loharpatti, Mahottari

**INVITATION FOR ONLINE BID (IFB/NCB/WORKS/LM/2080/81-03)**

Date of publication:- 2080/11/23 B.S. (6th March 2024 AD)

**1. Loharpatti Municipality invites following electronic bids from eligible national bidders under national competitive bidding.**

**2. The details of the project is as following.**

| Contract id | Description of works | Estimated Amount | Bid security Amount (NRS) | Bid document fee (NRS) | Bid Validity/Bid Bond validity period | Last date of bid Document purchase | Last date of bid Submission | Bid opening Date and place |
|---|---|---|---|---|---|---|---|---|
| NCB/WORKS/LM2080/81-03 | Construction of Ratu khola Bridge (Pipradhi-Bharmarpura Road, Loharpatti Municipality-9) | NRs.4,40,99,143.30 (Including Vat & PS) | NRs 11,00000.00 | NRs 5,000.00 | 90days/120days after last date of bid submission | 5th April.-2024,12:00 Noon | 5th April.-2024,12:00 Noon | 5th April.-2024,14:00 PM |

3.**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank :- NIC Asia Bank, Name of the Office:- Loharpatti Municipality.

Office Code no.:- 801021810, Ofiice Account no.:- 1362050028753002

Account Name:- GA 1.1 ANTARIK RAJASHWA KHATA- LOHARPATTI MUNICIPALITY

**4. Cash Deposit Account for Bid Security:**

Bank Name :- NIC Asia Bank, Address:- Loharpatti Municipality.

Account holder's Name:- Loharpatti Municipality. Account Number: D6CA000929952403

Account Name:- GA 3-DHARAUTI KHATA- LOHARPATTI MUNICIPALITY

**5. Eigible Bidders may contact Loharpatti Municipality at 9854031520 and obtain further information from PPMO's Website www/bolpatra.gov.np./egp.**

**Chief Administrative Officer**

# सामाजिक सद्भावका लागि समुदायमा अन्तरक्रिया कार्यक्रम



**टुडे समाचारदाता**

जलेश्वर । धर्मका नाममा हुने विभेद र वैमनस्य अन्त्य गर्न यहाँको प्रदेश सुरक्षा प्रशासनले समुदायमा अन्तरक्रिया कार्यक्रम सुरु गरेको छ । मधेश प्रदेश सुरक्षा प्रमुखहरूको अगुवाइ तथा जिल्ला सुरक्षा समिति महोत्तरीको सहभागितामा यसको सुरुवात महोत्तरीको सीमावर्ती सम्सी गाउँपालिकाबाट गरिएको छ ।

भारतीय सीमासँग जुटेको समसीमा केही दिनअघि महावीर झण्डाको विषयलाई लिएर तनाव चर्कँदा दुई समुदायबिच अप्रिय घट्ना घटेको थियो । वैमनस्यको खाडल थप गहिरिन नपाओस् भनी समसी वडा नं १ पर्सा र ३ वैरगीया लक्ष्मिनियामा दुवै समुदायबिच अन्तरक्रिया कार्यक्रम गरिएको सशस्त्र नायव महानिरीक्षक दीपेन्द्र शाहले बताए ।

मधेश प्रदेशका सुरक्षा प्रमुखहरू नेपाल प्रहरी र सशस्त्र प्रहरीका नायव महानिरीक्षक यज्ञ विनोद पोखरेल तथा दीपेन्द्र शाह, अनुसन्धान निर्देशक सञ्जय यादव, प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, सशस्त्र र नेपाल प्रहरीका एसपीहरू विनोद केसी तथा श्यामकुमार राईसहितको सद्भाव टोलीले गाँउघरमै पुगेर शान्ति, मेलमिलाप तथा भाइचाराको लागि छलफल गरेको समसी १ पर्साका वडाध्यक्ष विपिन यादवले बताए । यो छलफलले समसी गाउँपालिकाका दुवै समुदायको 'अमिलो मन' मा 'मिठास' भर्ने काम गरेको वडाध्यक्ष यादवको प्रतिक्रिया थियो ।

"घरआँगनमै पुगेका सुरक्षा प्रमुखहरूको सद्भाव बैठकले गाउँले बिचमा उत्पन्न त्रास र आशङ्का पखालिनुका साथै आपसी विश्वास र सुरक्षा प्रत्याभूति गराएको छ," उनले भने ।

सम्सी वडा नं ३ वैरगीया लक्ष्मिनीया निवासी प्रदेश सांसद रजी हैदरले समसी गाउँपालिकामा भएको सुरक्षा प्रमुखहरूको सद्भाव यात्रा आफैँमा उदाहरणीय भएको धारणा राखे । सुरक्षा प्रमुख र वडावासीहरुबीचको प्रत्यक्ष छलफलले धर्म र आस्थाको आडमा विभाजन ल्याउन चाहने अतिवादी तत्वलाई नियन्त्रण र निरुत्साहित गर्न सहयोग पुग्ने उनको भनाइ थियो ।

छलफलका क्रममा सुरक्षा प्रमुखहरूले मधेशका जिल्लाहरूमा विगतका समयमा साना कारणले साम्प्रदायिक द्वन्द्व सिर्जना भइ शान्ति सुरक्षा तथा विद्वेष बढ्दै गएकाले सामाजिक सद्भावका लागि सबै समुदायसँग प्रत्यक्ष छलफल गरी राय बुझ्न अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको बताएका थिए । गाउँलेहरुले बाजे पुर्खाका पालादेखि एकै थलोमा बस्दै आएको आफूहरूबीच कुनै प्रकारको मनोमालिन्य नभएको जिकिर गरेका थिए । तथापि केही वैमनस्यकारी तत्वले साना कुरालाई विवादको विषय बनाएर सामाजिक भाइचारा बिथोल्ने प्रयास गर्दा समाजमा अप्रिय घट्ना घट्न गएको गाउँलेको भनाइ थियो । त्यस्ता तत्वलाई पहिचान गरी कारबाहीको दायरामा ल्याउन प्रहरी प्रशासनसँग साथ, सहयोग र सहकार्यका लागि गाउँलेले प्रतिबद्धता प्रकट गरेका थिए ।

सम्सीको छलफलबाट उत्साहित प्रदेश सुरक्षा प्रमुखहरूले यो कार्यक्रमलाई मधेश प्रदेशका अन्य जिल्लाहरुमासमेत आयोजना गर्दै जाने बताएका थिए ।

# प्रअको लापरबाहीले शैक्षिक स्तर खस्कँदो

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लाको उत्कृष्ट एवं प्रतिष्ठित फकिरचन्द गामी माध्यमिक विद्यालयको अवस्था अहिले दयनीय बन्न पुगेको छ। सबैला नगरपालिका-१२, बरकुर्वास्थित सो विद्यालय २०१६ सालमा स्थापना भएको छ। व्यवस्थापन र स्थानीय तहको कमजोर उपस्थितिले विद्यालयको शैक्षिक गुणस्तर जर्जर अवस्थामा पुगेको छ।

यसै विद्यालयमा पढेका विद्यार्थी सफल राजनीतिज्ञ, मन्त्री, गर्भनर र उच्च ओहदामा पुगेका छन् तर पछिल्लो केही वर्षयता विद्यालयमा पढाइको स्तर खस्किएको छ। विद्यालयको अवस्था अस्तव्यस्त बनेको छ। सबैला नगरपालिकाको शिक्षा शाखाका अनुसार सो विद्यालयमा बालविकासदेखि कक्षा १२ सम्मको पढाइ हुन्छ। विद्यालयमा ५४५ जना विद्यार्थी भर्ना भएका छन्। १७ जना शिक्षक कार्यरत छन् तर पठनपाठन राम्रो नहुँदा दुई सय विद्यार्थी पनि नियमित उपस्थित नहुने बताइन्छ। गुणस्तरीय र पूरा समय पढाइ नहुने भएकाले कम संख्यामा विद्यार्थी आउने गरेको विद्यार्थीको भनाइ छ।



स्थानीयका अनुसार विद्यालय भवन जीर्ण बनेको छ। भवनका भित्ता चर्केको छ। कतै बरन्डा फुटेको छ। विद्यालय परिसरमा बनेको नयाँ भवनसमेत प्रयोगविहीन छ। जताततै उम्रेको झाडी, माकुराको जालो र फोहोरमैलाले विद्यार्थी पढ्ने विद्यालय नभएर गाईवस्तुको गोठ जस्तै बनेको छ। स्थानीय विनोदकुमार साहले विद्यालयका प्रधानाध्यापक बैजु साहले मनपरी प्रशासन चलाउँदा पछिल्लो केही वर्षयता विद्यालयको अवस्था खस्किएको बताए।

उनले प्रधानाध्यापकले मनमौजी पारामा विद्यालय प्रशासन चलाएको तथा पठनपाठनप्रति मतलब नराखेका कारण विद्यालय यो अवस्थामा पुगेको बताए । उनका अनुसार बरकुर्वा मावि नामले चिनिएको यो विद्यालय कुनै बेला गुणस्तरीय पढाइ हुने विद्यालयका रूपमा प्रसिद्ध थियो। आज जिल्लाकै सबैभन्दा खराब विद्यालयका रूपमा नाम जोडिँदा खिन्न लाग्ने साहले बताए।

उनले विद्यालयको अवस्था सुधार गर्न खोज्दा प्रधानाध्यापकबाटै असहयोग र अवरोध भएको बताए । उनले भने, "गुणस्तरीय पढाइ तथा नियमित रूपमा कक्षा सञ्चालन गराउन विद्यार्थी र शिक्षकबीच समन्वय गरायौँ। छोटो समयको प्रयासमै पढाइमा परिवर्तन आउनै लाग्दा प्रधानाध्यापक साहले अवरोध खडा गरे।"

उनका अनुसार विनोदकुमार पाल अध्यक्ष रहेको विद्यालय व्यवस्थापन समिति हुँदाहुँदै प्रधानाध्यापकले भित्रभित्रै वडासदस्य शिव राउतको अध्यक्षतामा अर्को व्यवस्थापन समिति बनाइदिएपछि विद्यालय राजनीतिक विवादमा परेको थियो।

उनका अनुसार १७ जना शिक्षकमध्ये पाँच/छ जनालाई प्रधानाध्यापक साहले आफ्नो 'एस म्यान' बनाएका छन्। उनीहरू विद्यालय उपस्थित नभए पनि तलब लिन्छन्। त्यही सिको अन्य शिक्षकले पनि गर्न थालेका छन्। विद्यालयमा निम्न माध्यमिक तहसम्म नजिकैका गरिब तथा विपन्न मुसहर र मुस्लिम समुदायका बालबालिका पढ्छन्। माध्यमिक तहमा निकै टाढासम्मका प्रायः गरिब परिवारकै विद्यार्थी पढ्न आउँछन्।

समुदायका गरिब विद्यार्थी पढ्ने हुनाले प्रशासनदेखि स्थानीय सरकारसम्मले विद्यालयको शिक्षा सुधारमा कुनै प्रयत्न नगरेको अभिभावकको भनाइ छ। विद्यालयको शैक्षिक तथा व्यवस्थापन सुधारको माग गर्दै सोही विद्यालयका ११ जना शिक्षकले सबैला नगरपालिकाको शिक्षा शाखा कार्यालय अगाडि केही दिनअघि धर्ना बसेका थिए। प्रधानाध्यापक साहकै कारण पठनपाठन खराब अवस्थामा पुगेको तथा आर्थिक हिनामिना बढेको आरोप उनीहरूको थियो।

सबैला नगरपालिकाका प्रमुख कारीराम यादवले बरकुर्वा माविको अवस्था लथालिङ्गबारे आफू जानकार रहेको बताए। उनले केही दिनअघि बसेको सर्वपक्षीय छलफलबाट प्रधानाध्यापक साहमाथि छानबिन गरिने निर्णय भएको जानकारी दिए। प्रधानाध्यापक साहले आफू विद्यालयलाई राम्रो बनाउने प्रयास गर्दागर्दै पनि चौतर्फी घेराबन्दी गरिएको बताए । उनले भने, "विभिन्न स्वार्थ राखेर मलाई अवरोध गरिरहन्छन्। राम्ररी काम गर्न दिँदैनन्। अहिले पनि विद्यालयमा राम्रो पढाइ हुन्छ।"

# शल्यक्रियाबाट प्रसूति सेवा सुरु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दीस्थित नगर अस्पताल डुमडुमेमा पहिलो पटक शल्यक्रिया विधिबाट प्रसूति सेवा सुरु गरिएको छ।

अस्पतालले आवश्यक जनशक्ति र उपकरण जुटाएर सीएस अर्थात् शल्यक्रिया विधिबाट प्रसूति गराएर बच्चा निकाल्ने सेवा सुरु गरेको अस्पतालका इन्चार्ज एवं प्रसूति रोग विशेषज्ञ डा. रामविश्वास रायले जानकारी दिए। डा. रायका अनुसार सोमबार साँझ पहिलो पटक सिराहाको मिर्चैया घर भई सिन्धुलीको क्यानखोलास्थित माइती घरमा बस्दै आएकी १९ वर्षीया चण्डिका मगरको सीएस गरेर प्रसूति गराइएको छ।



मगर नगर अस्पताल लालबन्दीमा प्रसूति गराउन भनी एक सातादेखि लामबन्दीस्थित आफन्तको डेरामा बस्दै आएका थिए । उनलाई तीन दिनदेखि प्रसव व्यथा लागे पनि प्राकृतिक हिसाबले प्रसूति नभएपछि शल्यक्रिया गरेर बच्चा निकालिएको डा.रायले बताए।

"उनको प्रसूति हुने म्याद १० दिन नाघिसकेको र तीन दिनदेखि प्रसव बेथा लाग्दा पनि बच्चा जन्मिन सकेन, हामीले बेथा बढाउने औषधि चलाउँदा समेत सामान्य ढङ्गले प्रसूति हुन सकेन," डा. रायले भने, "त्यसपछि हामीले परिवारसँग सल्लाह गरेर सीएस गर्ने निर्णय गऱ्यौ र पहिलो शल्यक्रिया सेवा सफल रूपमा सम्पन्न भएको छ।" मगरले तीन किलो ४०० ग्रामको शिशु (छोरी) लाई जन्म दिएकी छन्।

अस्पतालका इन्चार्ज डा. रायसहित एनेस्थेटिष्ट अनिल कापर, ओटी नर्स बबिता कुमारीसहितको टोलीले नगर अस्पताल लालबन्दीमा पहिलो शल्यक्रिया सफलतापूर्वक सम्पन्न गरेको छ। नगर अस्पतालमै शल्यक्रियाबाट प्रसूति सेवा सुरु भएकोसँगै यहाँका स्थानीयले खुसी व्यक्त गरेका छन्।

स्थानीय अगुवाले यस सेवालाई निरन्तरता दिन नगरपालिका कार्यालयसँग माग गरेका छन् । लालबन्दी नगरपालिकाका नगरप्रमुख वासुदेव अधिकारीले नगर अस्पतालमा शल्यक्रिया सेवा सुरु भएसँगै अब बाल रोग विशेषज्ञको व्यवस्था गर्न लागिपरेको बताए। अस्पतालमा पछिल्लो समय विशेषज्ञ चिकित्सक राखेर सेवा सुधार गरिएसँगै बिरामीको चाप बढ्न थालेको छ।

# महाशिवरात्रिको तयारी तीव्र



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको विभिन्न ठाउँका महादेव मन्दिरमा महाशिवरात्रि पर्वको तयारी सुरु भएको छ । जिल्लाको महादेवा गाउँपालिका २ स्थित अंकुरी महादेव मन्दिरमा महाशिवरात्रि पर्वको तयारी तीव्र रूपमा भइरहेको छ । यस वर्ष महाशिवरात्रिको अवसरमा हजारौं श्रद्धालु आउने अनुमानसहित आवश्यक तयारी सुरु गरिएको छ । फागुन २५ गते शुक्रवारका दिन महाशिवरात्रि परेको छ । मन्दिर संरक्षण तथा संवर्द्धन समितिका अध्यक्ष राजदेव मण्डलको अध्यक्षतामा बसेको बैठकले महाशिवरात्रिका दिन यस पटक हजारौं श्रद्धालु आउने विश्वासका साथ आवश्यक तयारी सुरु गरेको छ।

महाशिवरात्रिको तयारीका लागी रंगरोगन, सरसफाइ, मञ्च व्यवस्थापन, दीपोत्सव, लगायतका काम अघि बढाउन विभिन्न उपसमिति समेत गठन गरिएको अध्यक्ष मण्डलले बताए। मन्दिरको रंगरोगन, सरसफाइका साथै भक्तजनलाई व्यवस्थित तरिकाले दर्शन गर्ने व्यवस्थाका लागि स्वयंसेवक परिचालन, जिल्ला प्रहरी कार्यालयको सहयोगमा शान्ति सुरक्षाको व्यवस्था मिलाइने तयारी भएको अध्यक्ष मण्डलले बताए । मूल पुजारी गोपाल गिरिले मन्दिर परिसरमा भजन, कीर्तन, दिव प्रज्वलन लगायतका धार्मिक कार्यक्रमका साथै दण्ड प्रणामको लागि बाटोमा बालुवा, पानी छड्किने लगायतका कार्यक्रमको समेत आयोजना गर्ने निर्णय गरिएको जानकारी दिए।

यसैबिच हरिन्देश्वर महादेव मन्दिरको समेत रंगरोगनको काम भइरहेको मन्दिर संरक्षण तथा संवर्द्धन समितिका अध्यक्ष ध्रुव कुमार देवले जानकारी दिए। उनका अनुसार भक्तजनलाई व्यवस्थित तरिकाले दर्शन गर्ने व्यवस्थाका लागि स्वयंसेवकका साथै जिल्ला प्रहरी कार्यालयको सहयोगमा शान्ति सुरक्षाको व्यवस्था मिलाइएको जानकारी दिए। उनले यस मन्दिरमा महाशिवरात्रिका दिन भजन, कीर्तन, अष्टयाम लगायतका धार्मिक कार्यक्रमका साथै १ लाख २५ हजार दीपप्रज्जवलन लगायतको कार्यक्रमको आयोजना समेत गर्ने जानकारी सञ्चारकर्मीलाई दिए।

यस्तै, सप्तरीस्थित भजनेश्वरनाथ, ढाडाको शिव मन्दिर, शम्भुनाथ, लालेश्वरनाथ, डाक्नेश्वरी लगायतका शिवालयहरूमा पनि महाशिवरात्रिमा पूजा धूमधामकासाथ आयोजना गर्ने तयारी सुरु गरिएको सम्बद्ध मन्दिर समितिहरूले बताएको छ।

# भुक्तानी नदिँदा निर्माण व्यवसायी मारमा

**टुडे समाचारदाता**

जनकपुरधाम। काम सम्पन्न भएको डेढ वर्षभइसक्दा पनि भुक्तानी नदिएको भन्दै निर्माण व्यवसायीहरुले जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय जनकपुरधाममा प्रदर्शन गरेका छन्।

मंगलवार विहान साढे १० वजे दर्जनभन्दा बढी निर्माण व्यवसायीहरुले जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय जनकपुरधामका प्रमुखको कार्यकक्षमै पुगेर आफूहरुले काम सम्पन्न गरेको डेढ वर्षभन्दा बढी समय बितिसक्दा पनि भुक्तानी नपाएको भन्दै विरोध प्रदर्शन गर्दै नारावाजी गरेका थिए। भुक्तानीका लागि पटक-पटक आफूहरु कार्यालयमा आउने गरे पनि कुनै सुनुवाइ नभएको भन्दै उनीहरुले आक्रोस व्यक्त गरेका थिए।

आर्थिक वर्ष ०७९/०८०मा धनुषाको हँसपुर नगरपालिका स्थित सिकहायी नदीमा जाली बोल्डरको काम गरेका रोयल बिल्डर्सका सञ्चालक मनमोहन शर्माले काम सम्पन्न भएको डेढ वर्ष भइसक्दा पनि कार्यालयले भुक्तानी दिन आनाकानी गरिरहेको आरोप लगाए। १ करोड ८८ लाखको काम करिब ५२ प्रतिशत बिलोमा गरेर दिए, उनले भने,' एक त काम गराउदाँ धेरै नोक्सानीमा गएको छु। त्यसमा पनि समयमा भुक्तानी नपाउँदा थप आर्थिक क्षति भइसकेको छ।'

टेण्डर मार्फत सबै प्रक्रिया पूरा गरेर काम गरेको छु उनले भने,' सम्झौता र कार्यादेश छ। समय भित्र काम सम्पन्न गरी निरीक्षण गराएर बिल भरपाई सबै बुझाएको थिए। तर अन्तिम समयमा बजेट नरहेको र आगामी आर्थिक वर्षमा वजेट व्यवस्थापन गरिदिने भनियो। त्यो पनि सहेर बसे। अहिले वजेट आउँदा पनि कार्यालयले बिभिन्न बहाना बनाएर भुक्तानी दिन आनाकानी गरिरहेको छ।'

उनले कार्यालय प्रमुख माधव देव र लेखापल रामप्रवेश यादवले मिलेमतो गरी आफ्नो भुक्तानी रोकेको दावी गरे। समयमा भुक्तानी नपाउँदा मजदुर, अन्य व्यापारीहरुबाट दैनिक रुपमा ताकेता आउने गरेको बताउँदै उनले भने,' आफ्ना घर जग्गाहरु बैंकमा धितो राखेर काम गरेको छु। तर समयमा भुक्तानी नपाउँदा मानसिक तनाव भएको छ।' शर्माले कार्यालयमाथि ३९ लाख ५६ हजार रुपैयाँ वाँकी वक्यौता रहेको बताए।



> विगतका कार्यालय प्रमुखहरुले गरेका प्रक्रियागत त्रुटिका कारण केही योजनाहरुको भुक्तानी रोकिएको उनले बताए।

उनीसँगै रहेका एक अर्का ठेकेदारले पनि काम सम्पन्न गरेको झण्डै दुई वर्ष हुन लाग्दा पनि झण्डै ५० लाख भुक्तानी नपाएको दुखेसो पोखे।

यता, कार्यालय प्रमुख माधव देवले लेखापाल यादवको लापरबाहीले कतिपय ठेकेदारको भुक्तानी रोक्न पुगेको बताए। हाम्रो कार्यालयमा लेखापाल छैन, उनले भने,' लेखापाल यादव प्रदेश कोष तथा लेखानियन्त्रक कार्यालयबाट थप जिम्मेवारी आएर हाम्रो कार्यालयको आर्थिक प्रशासन हेर्नुहुन्छ। तर उहाँले समय नदिँदा कतियय योजनाहरुको भुक्तानी रोकिन पुगेको छ।'

विगतका कार्यालय प्रमुखहरुले गरेका प्रक्रियागत त्रुटिका कारण केही योजनाहरुको भुक्तानी रोकिएको उनले बताए। उनले एक सप्ताह भित्रमा समस्या सम्बोधन गर्ने आश्वासन दिएपछि निर्माण व्यवसायीहरु कार्यालयबाट फर्केका थिए।

# मेलाको तयारी पूरा

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिपुर नगरपालिका-७ चिताइनमा लाग्ने ऐतिहासिक धार्मिक तथा पर्यटकीय चिताइन मेलाको सम्पूर्ण तयारी पूरा भएको छ।

फागुन २५ गते महाशिवरात्रीका दिनदेखि फागुन ३० सम्म लाग्ने मेलाको सम्पूर्ण तयारी पूरा भएको लक्ष्मीनाथ महादेव विकास समितिका अध्यक्ष राजेन्द्र धामीले मंगलबार पत्रकार सम्मेलन गरी जानकारी दिए ।

धार्मिक तथा ऐतिहासिक महत्व बोकेको चिताइनलाई देशविदेशमा चिनाउन र त्यसको महत्वको बारेमा प्रचारप्रसार गर्ने




उद्देश्यले मेलाको आयोजना गरिएको उनले बताए । जिल्लामै धार्मिक ऐतिहासिक र पर्यटकीय महत्वले भरिपूर्ण रहेको चिताइनको महत्व बारे जनमानसमा जानकारी गराउन नसक्दा ऐतिहासिक भूमि चिताइन ओझेलमा परेकाले आवश्यक प्रचारप्रसारको आवश्यकता रहेको हरिपुर नगरपालिकाका नगर प्रमुख मेयर गोपाल पञ्जियारले बताए।

पर्यटकीय स्थल चिताइनको संरक्षण तथा सम्वर्द्धनका लागि नगरपालिका लागि परेको मेयर पञ्जियारले बताए। यस वर्ष पनि मेलामा विगतका वर्षझै भलिबल प्रतियोगिता लगायत खेलकुदका कार्यक्रम राखिएको स्थानीय बुद्धिजीवि चेतनारायण धामीले जानकारी दिए । उनले मेलाको लागि आवश्यक सुरक्षा व्यवस्था, पार्किङ, होटल, मनोरञ्जनका साधनलाई व्यवस्थित गरिएको पनि बताए।

पत्रकार सम्मेलनमा वडाध्यक्ष मनोज चौधरी ,वडा सदस्य पदम कुवर, ईन्जिनियर आन्नद प्रसाद धामी ,मेला आयोजक सिकिन्द्र चौधरी लगायतको उपस्थिति रहेको थियो।

# शिक्षिका यादवले पाइन सफाइ

**टुडे समाचारदाता**

जनकपुरधाम । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नक्कली शैक्षिक प्रमाणपत्रको आधारमा धनुषामा राहत शिक्षकमा कार्यरत्त एक शिक्षिकालाई विशेष अदालत काठमाण्डुले सफाइ दिएको छ।

नवयुवक आधारभूत विद्यालय, थुम्हौना, धनुषामा कार्यरत राहत शिक्षक सीता कुमारी यादव विरुद्ध आयोगले केही महिना अघि मुद्दा दिएको थियो । सो मुद्दामा




विशेष अदालतले फैसला गर्दै सफाइ दिएको छ।

यस फैसलाको पूर्णपाठ आउन भने अझै केही समय लाग्ने इजलास अधिकृत रोशन कुमार झाले जानकारी दिए।

यादवको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको निवदेन परेकोमा अनुसन्धान गर्दा साविक नवयुवक जनता प्राथमिक विद्यालयमा प्रा.वि. तहको अस्थायी राहत शिक्षक दरबन्दीमा नियुक्ति हुँदा बिहार संस्कृत शिक्षा बोर्ड पटना, भारतबाट मध्यमा तह उतीर्ण गरेको भनी झुठ्ठा शैक्षिक प्रमाणपत्र पेश गरी शिक्षकको हैसियतमा लाभ लिइ भ्रष्टाचार गरेको भन्दै आयोगले विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

यता विशेष अदालतले नक्कली प्रमाण पत्रसम्बन्धी भ्रष्टाचार मुद्दाबाट सफाइ पाए पछि यादव भने खुसी छिन्।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८